# जन आकाश

Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३७, २०८० साल वैशाख ५ गते मंगलबार (April 18, 2023) www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## उपनिर्वाचनको तातो ठुला दलको मुख किन रातो

मोहन कार्की

यतिवेला नेपालका २०७९ मंसिरमा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन भएर विविध कारणले खाली हुन गएका तीनवटा निर्वाचन क्षेत्रहरुमा उपनिर्वाचन यहि बैशाख १० गते हुदैछ । चितवनको क्षेत्रन २ लमजुङगको क्षेत्र १ बाराको क्षेत्र न. २ मा हुने निर्वाचनलाई लिएर बिभिन्न खालका टिका टिप्पणी राजनीतिक पार्टीका नेता, सामाजिक अभियान्त, सर्वसाधरण देखि अन्तराष्ट्रिूस्तरमा समेत नेपालको उपनिर्वाचनलाई लिएर तातो बहस शुरु भएको छ ।



यहि बिषयलाई लिएर पुर्व कार्यक्रम प्रस्तोता, गृहमन्त्री, राष्टि्रय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको चितवनमा जनमत उर्लदो छ । यतिवेला देशभरिका युवा पुस्ता चितवनमा पुगेका छन् । देश विदेशवाट युवा नेतृत्वलाई पुनः ल्याउनुपर्छ भनेर सर्वत्र देशनै जुरुक्क उठाउला झै माहोल उठेको छ । जताततै रविका कुरा हुन थालेका छन् । चितवन, तनहूका रुख, पात, पतिङगर, खोला, नाला वनपाखाहरु समेत स्वतन्त्र पार्टीका उम्मेद्धारको पक्षमा छन् । चराहरुले चिरविरउदा समेत रवि र स्वर्णीमको गीत गाएको जस्तो सुनिन्छ । मन्दिरमा घण्टी बज्दा समेत रवि र स्वर्णीमको पक्षमा घण्टी बजेको भनेर भक्तजन समेत एकजुट भएजस्तो देखिन्छ ।

तर त्यही कुरा पुराना र नयाँ थपिएका राजनीतिक दलका नेताहरुलाई मन परेको छैन । मन नपरेपनि जनताको जनमतसँग केही नलाग्ने भएपछि घृणित खेलहरुको जालो बुनेर दुर्गा प्रसाई जस्ता देशको ऋण नतिर्न उर्दी जारी गर्ने देशलाई असफल बनाउन खोज्ने मेडिकल व्यवसायी तर पछिल्लो समय अभियान्ताको रुपमा देखिएका प्रसाईलाई राजनीतिक दलहरुले प्रयोग गरी स्क्याण्डल गराउदै स्वर्णीम वाग्ले र रवि लामिछानेलाई सदनमा आउन रोक्न सकिन्छ की भन्ने प्रपञ्चमा लागेका जस्तो भान हुन थालेको छ ।

सररकारमा आलोपालो गर्दै स्वाद चखिरहेका पार्टीका नेताहरुको भने चितवन र तनहुमा हुन लागेको उपनिर्वाचनमा युवा पुस्ताको जन लहर उर्लदै आएको र जनताले पुराना पार्टी र पुराना नेतालाई छोडेर नयाँ परिवर्तन खोजेको देखेर सधै सत्ताको वरिपरि धुमेर तर मार्न पल्केकाहरुको मुख रातो, दिमाख तातो भएर जरो फुट्ने अवस्थामा पुगेको सहजै देखिन्छ । दुर्गा प्रसाईलाई प्रयोग गरेर गलत प्रसार प्रसार गराउदा समेत जनताको जनलहर कम नभएपछि सत्ताको दुरुपयोग गरेर रातारात ढवाङ चेन्ज गर्न सकिन्छ कि भनेर मुख रातो पार्दै रातारात वैठक बसिरहेको भित्रभित्रै षयन्त्रहरु गरिरहेको थाहा हुन आएको छ ।

षयन्त्रका जालो बुन्न माहिर नेपाली काँग्रेस, नेकपा एमाले, पछि थपिएको नेकपा माओवादी केन्द्र पनि यस्तै षयन्त्रकारी अभियानमा सम्मिलित भईरहेको भन्ने जानकारीहरु प्राप्त भईरहेका छन् । यस्तै षयन्त्रहरुलाई मलजल गर्न भुरे टाकुरे पार्टी खोलेर शहरमा बसेर ठालु पल्टिने डोके, नाङले फुङले पार्टी नामका र पशुपतिमा नसेलाउनजेलसम्म पार्टीको प्रमुख र ठुला पदहरु ओगटेर बस्नेहरु समेत युवा पुस्ताको नयाँ सोचलाई रोक्न नेपालको आमुल परिवर्तनलाई रोक्न स्याल र कागको बथानमा मिसिएका छन् ।

विश्वका धेरै देशमा सफल भएको लोकतान्त्रिक व्यवस्थालाई नेपालमा असफल बनाउने र सधै लोकतन्त्रको ठुला ठुला भाषाण गर्ने स्याल र कागहरुको समूह एकातिर उभिएको छ । भने एउटा मात्र समूह जो देशको समय अनुसारको नेतृत्व गर्न युवापस्ताको जनलहर चितवन र तनहुमा उत्रिएको छ ।

त्यो जनमतलाई निरास पार्न र उत्साह बोकेर देशको नयाँ नीति, समय अनुसार नेपालको सामाजिकीकरण गर्छु भनेर सोच बोकेका युवाहरुलाई रोक्न रवि र स्वर्णीम वाग्लेलाई असफल बनाउन सकियो भने सधै गफ गरेर काम नगरि बस्ने अकुत सम्पति थुपारेर छोराछोरी विदेश पढ्न पठाउने र गरिवका बाँकी ६ पृष्ठमा

## उद्योग वाणिज्य महासंघको अध्यक्षमा ढकाल

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्षमा चन्द्रप्रसाद ढकाल निर्वाचित हुनुभएको छ । महासङ्घको विधानमा वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष हुने व्यवस्था भएअनुसार सम्पन्न ५७ औं साधारणसभा मार्फत महासङ्घको २०औं



अध्यक्षमा उहाँ निर्वाचित हुनुभएको हो । अध्यक्ष शेखर गोल्छामार्फत् ढकालले हाल पद तथा गोपनीयताको शपथ लिनु भएको हो । शपथ ग्रहण लगत्तै नवनिर्वाचित अध्यक्ष ढकालले आफूले लामो समयदेखि जारी राखेको सर्वसम्मतीको प्रयास अन्तिममा सफल भएको बताउनुभयो । उहाँले यसका लागि उमेशलाल श्रेष्ठका साथै पूर्वअध्यक्षहरुको ठूलो भूमिका रहेको भन्दै अध्यक्षका रुपमा महासङ्घको छवीलाई आगामी दिनमा अझ उँचो बनाउनेमा विश्वास व्यक्त गर्नुभयो । महासंघको नव-निर्वाचित अध्यक्षको रुपमा ढकालले अबको कार्यकालमा पाँच वटा विषयहरु पहिलो- वर्तमान आर्थिक संकट समाधानको रणनीति तयार गर्ने,दोस्रो-लगानीको वातावरण बनाउने,तेस्रो- राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने, चौथो- दक्ष जनशक्ति उत्पादन र रोजगारी सृजना गर्ने,र, पाँचौ- व्यवसायीहरुको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने कामलाई प्राथमिकतामा राखेको बाँकी ६ पृष्ठमा

## राष्ट्रपतिले अशक्तहरुलाई गरे सम्मान

काठमाडौं । राष्ट्रपति भवन शीतल निवासमा शारीरिक रुपमा अशक्त एक वृद्धा अग्लो ठाउँमा रहेको मञ्चतर्फ अगाडि बढ्न खोज्दै थिए । यो दृश्य देख्नासाथ राष्ट्रपति रामचन्द्र पौडेल मञ्चबाट ओर्लन खोज्नुभयो । त्यहीबेला त्यहाँ रहेका सुरक्षा अधिकारीले राष्ट्रपति त्यसरी जान नमिल्ने संकेत गर्दै थिए ।



तर राष्ट्रपति पौडेलले त्यसलाई मान्नुभएन र उहाले तलै ओर्लेर ती अशक्त वृद्धालाई पदक दिनुभयो। यो दृश्य देखिरहेका पदक लिन आउनेमध्ये एक जनाले यस्तो टिप्पणी गर्दै थिए, 'जनताको छोरो राष्ट्रपति भएको अनुभूति हुने व्यवहार सधैं सबैले गरे हुन्थ्यो ।'

ती वृद्ध पुरुष मात्र होइन शारीरिक रुपमा अशक्त भएका वृद्धवृद्धालाई राष्ट्रपति पौडेलले मञ्चबाट तल ओर्लेर सहजै पदक प्रदान गर्नुभएको थियो ।

यसैबीच राष्ट्रपति कार्यालय शीतल निवासमा बैशाख १ गते आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले एक जनालाई नेपाल रत्न, तीन जनालाई राष्ट्र गौरव, एक जनालाई सुप्रसिद्ध प्रबल जनसेवाश्री, १४ जनालाई प्रसिद्ध प्रवल जनसेवाश्री, १६ जना सुकीर्तिमय राष्ट्रदीप, एक सय ६५ जनालाई सुप्रबल जनसेवाश्री, छ जनालाई कीर्तिमय बाँकी ६ पृष्ठमा

## मलपोतका निर्देशकलाई मन्त्री श्रेष्ठको निर्देशन

काठमाण्डौं । भूमि व्यवस्था, सहकारि तथा गरिबि निवारण मन्त्री रन्जिता श्रेष्ठले मालपोत कार्यालय कास्कीको कर्मचारहिरुले आर्थिक चलखेल गरि सेटिङमा काम गर्ने गरेको कुरा तत्काल छानविन गर्न निर्देशन दिएकी छिन् । आईतबार मन्त्रि श्रेष्ठले भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक पद्म निधि सोतीलाई ठाडो निर्देशन दिएकी हुन् ।



केही दिन अघि मात्रै मालपोत कार्यालय कास्कीका कर्मचारीहरुले आर्थिक चलखेल गरि सेटिङमा काम गर्ने गरेको एक टेलिभिजन कार्यक्रम बाट सार्वजनिक भएको थियो । सोही घटनाको बिषयमा थप सत्यतथ्य छानविन गरि विभागिय कारवाही गर्न बाँकी ६ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# युवाहरुलाई देशमा नै अड्याउने नीति बनाउ

देशमा रोजगारको सुनिश्चितता नभएको भन्दै नेपालका युवाहरु दैनिक अन्तराष्ट्रिय त्रिभुवन एयरपोर्टबाट रोजगारको लागि लाइन बसेर गईरहेको दृष्यले नेपालका नीति निर्माण क्षेत्रमा बसेका तालुक निकायलाई गिज्याईरहेको छ । तर ति निकायहरु देखेर पनि नदेखे जसो गर्छन । विगतमा यस्तै देखिदै आएको छ । त्यसको असर अहिलेसम्म छदैछ । वर्तमानमा झनै धेरै यस्ता समस्या बढेर गएका छन् । यसरी दैनिक रुपमा देशको सक्रीय जनशक्ति पलायन हुनु भनेको निक्कै डरलाग्दो अवस्था हो । नेपालको सक्रिय जनशक्ति विदेश पलायन भएपछि नेपालको विकास निर्माण प्रभावित हुने सहजै देखिन्छ ।

यो भन्दा अगाडीका नेपालका बन्दै गरेका ठुला-साना योजनाहरु समयमा नबन्नुको कारण मध्य निर्माण व्यवसायीहरुले एउटा कारण कामदारको अभाव भएको पनि उल्लेख गर्दै आएका छन् ।

एकातिर युवाहरु देशमा रोजगार नपाएर विदेश गईरहेको बताइरहेका छन् । भने अर्कोतर्फ निर्माण व्यवसायीहरु कामदारको अभाव भएको भनिरहदा समस्या काहा आएको हो । त्यसको खोजी हुनुपर्छ की पर्दैन ?

त्यो विषय नेपालमा कहिल्यै आधिकारिक रुपमा खोजी भएको पाईदैन । देशमा सरकारले दैनिक ज्याला ५०० तोकेको छ । तर बजारमा सबै चीज बस्तुहरुको मूल्य आकाशिदै गएको छ । त्यो मुल्यबृद्धिले याहा सरकारले दिइने मजदुरको ज्यालाले त बाच्न सक्ने कुरा नै भएन । अर्कोतर्फ निजी क्षेत्रका मजदुरको ज्याला सरदर दैनिक १००० अक्षरुपी एक हजार रहेको छ । त्यसमा पनि ठेक्का लिएका कम्पनीहरुले ए, वि, सि, त्यसपछि पेटी, पेटी पछि सेटी गर्दै तल लगेको हुनाले काममा लगाएर उस्तै परे कामदारको पैशा नतिरेर भाग्ने ठेकदारहरुको फेरिस्त पनि लामो छ । यस्ता विषयमा मजदुर संगठनहरुको पनि आवाज उठ्दैन । किनकी मजदुरको काम गर्दा पैशा फल्दैन । त्यसैले होला ।

यी माथि उठाएका सामान्य एउटा क्षेत्रको उदारण मात्र हो । हरेक क्षेत्रमा श्रमप्रतिको मुल्याङ्कन, व्यवस्थापन, उत्पादको बजारीकरण र स्वनिर्भर भएका मानिसहरुको लागि उत्साहित गर्ने अर्कषणयुक्त कार्यक्रम नेपालमा देखिएका छैनन् ।

यस्ता समस्याहरुलाई चिर्न सक्नेगरी नीति निर्माण गरेर कार्यन्वयनम पनि त्यतिकै तदारुकता देखाई नेपालका युवारुलाइ अड्याउन सक्ने नीति टडकारो अवश्यकता परिसकेको छ ।

देशबाट कोही पढ्ने निउमा, कोही भिजिट भिसामा, कोही परमिट भिसामा नै विदेश गएर नेपालमा युवापुस्ता नै नबस्ने अवस्थामा देश पुगिसकेको हुनाले यो गम्भिर विषयलाई सम्बन्धित निकायले तत्कालै युवाहरुलाई देशमा नै अड्याउने नीति ल्याई कार्यन्वयन गर्न ढिला गर्नुहुदैन ।

यसो गर्न सकिएन भने नेपाल देशमा सक्रीय जनशक्ति नहुने र देश खाली हदै जाने र विदेशी शक्तिहरुले बनाएका योजनामा देश फस्दै जाने र देशको अस्तित्व नै संकटमा पर्न सक्ने खतरा रहने भएको हुनाले छिटो भन्दा छिटो यस्ता युवाहरुलाई देशमा नै अड्याएर उनीहरुको सीप, ज्ञान, क्षमतालाई राष्ट्रले सदुपयोग गर्ने गरी कार्यन्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

# अभिभावकको ढाड सेक्ने शिक्षा

पविता मुडभरी पुडासैनी

विद्यार्थी भर्ना अभियानको समय नजिकिँदैछ। सरकारले वैशाख महिनाको पहिलो र दोस्रो हप्ता भर्ना अभियान सञ्चालन गरी सबै विद्यार्थीलाई विद्यालय भित्राउने अभियान बर्सेनि सञ्चालन गर्दै आएको छ। विद्यालयबाहिर रहेका लाखौं बालबालिकालाई विद्यालय भित्र्याउन सरकारले छात्रवृत्ति, खाजा र निःशुल्क पुस्तक वितरण कार्यक्रम आदि सञ्चालन गर्दै आएको छ। हाल पनि भौगोलिक दुरावस्था र गरिबीका कारण देशभरका सबै बालबालिका विद्यालय पुग्न सकेका छैनन्। निःशुल्क तथा गुणस्तरीय शिक्षा सबै बालबालिकामा पुर्‍याउने संवैधानिक व्यवस्थालाई सरकारले कार्यान्वयनमा ल्याउन सकेको छैन ।

सरकारी विद्यालयमा सुधार र निजी विद्यालयमा नियमन गरेर सरकारले शिक्षालाई गुणस्तरीय र विभेदरहित बनाउँदै लैजानुपर्नेमा पछिल्ला दिनमा सरकारी विद्यालय मर्ज हुँदै जाने विडम्बनाले गुणस्तरीय शिक्षाका लागि बालबालिकालाई निजी विद्यालयतर्फ घचेटेको छ। वर्तमान विद्यालय शिक्षामा राज्यको लगानीसँगै निजी क्षेत्र र दातृ निकायको प्रत्यक्ष लगानी पनि त्यत्तिकै छ। गुणस्तरीय शिक्षाका खोजीमा भौतारिएका अभिभावक विद्यालय तहको शिक्षाकै लागि निजी विद्यालयमा एक शैक्षिक सत्रमा लाखौं रकम खर्चिरहेका छन्। नाम चलेको निजी विद्यालयमा दुई वा तीन सन्तान पढाउन त अभिभावकले घर खेत बेच्नुपर्ने अवस्था छ ।

सरकारी विद्यालय जाने सन्तानले न स्वदेशमा न त विदेशमा रोजगारी पाउँछन् भन्ने भयले ग्रसित छन् अभिभावक। सरकारले सार्वजनिक शिक्षा सुधार गर्न रत्तिभर चासो देखाएको छैन । विद्यार्थी अभावमा बन्द विद्यालय खोल्नभन्दा मर्ज गर्नमा सरकारको हतारो देखिन्छ । सरकारी विद्यालयको चरम राजनीतीकरण हटाइ उत्कृष्ट प्रधानाध्यापक तथा शिक्षक नियुक्त गरेर विद्यालयको शैक्षिक वातावरण सुधारी सबै बालबालिकालाई निःशुल्क र अनिवार्य विद्यालय शिक्षा प्रदान गर्ने दायित्वबाट सरकार चुक्दाको फाइदा निजी विद्यालयले उठाइरहेका छन् ।

प्रत्येक वर्षझैँ नयाँ शैक्षिक सत्र सुरु हुनुअगावै अभिभावक अत्तालिएका छन्। दुई तीन सन्तानलाई विद्यालय भर्ना गर्न नयाँ शैक्षिक सत्रमा सामान्य विद्यालयमा पनि झण्डै लाख रुपियाँ बुझाउनुपर्ने हुन्छ। निजी विद्यालयहरूले वार्षिक तथा मासिक शुल्कका अलावा खेलकुद, स्वास्थ्य, पोशाक, खाजा, यातायात, पाठ्यपुस्तक, स्टेसनरी, टाइ, बेल्ट, जुत्ता, झोलासमेतको रकम विद्यालय आफैँले मनलागी असुलेर अभिभावकको ढाड सेकिरहेका छन् । नयाँ शैक्षिक सत्रको मौका छोपी निजी विद्यालयहरूले शैक्षिक शुल्कका अतिरिक्त विभिन्न शीर्षकमा मोटो रकमको बिटो अभिभावकहरूबाट कुम्ल्याइरहँदा सरकार भने मौन छ ।

यसरी सरकारको शैक्षिक दायित्वभित्र पर्ने विद्यालय तहकै शिक्षामा मोटो रकम खर्चिएका सन्तानले भविष्यमा देशमै रोजगारीको अवसर पाउने आशासमेत अभिभावकमा नभए पनि निजी विद्यालयको शिक्षा अभिभावकको रहर नभई बाध्यता बनेको छ। हरेक नयाँ शैक्षिक सत्रमा सरकारी विद्यालय छाडेर निजी विद्यालयमा छोराछोरी पढाउन गाउँ छाडेर सहर बजार वा राजधानी छिर्ने अभिभावकको लर्को देखिन्छ । तर सरकार गाउँघरमै आवासीय भवनसहितका सरकारी विद्यालय सञ्चालन गरी आमबाल बालिकालाई विद्यालय शिक्षाको पहुँच पुर्‍याउन किन सधैँ असमर्थ छ? नेपालको शिक्षाले आर्थिक, सामाजिक असमानता र रोजगारीको क्षयीकरण किन रोक्न सकेन? यसप्रति सरकार किन गम्भीर बन्दैन? निःशुल्क र गुणस्तरीय शिक्षामा आमबालबालिकाको पहुँच पुग्ने गरी मुलुकभर विद्यालय स्थापना र सञ्चालन गर्ने सरकारको कार्ययोजना र रणनीति खोइ ?

काठमाडौँकै एक निजी विद्यालयमा पढाउने एक शिक्षकले आफू दिनमा तीनवटा विद्यालयमा पढाउने भएकाले परीक्षाका समयमा सबै विद्यालयका विद्यार्थीको उत्तरपुस्तिका राम्ररी जाँच्न नभ्याउने र विद्यार्थीको सिकाइ अनुभवका आधारमा उत्तरपुस्तिकाको अनुमानित अंक चढाउने गरेको बताएका थिए । उत्तरपुस्तिका नहेरिकन दिएको अनुमानित अक पनि त्यति फरक नपर्ने भन्दै आफ्नो पेसागत कुकृत्यको बचाउसमेत गरे उनले। शिक्षकहरूको यो हदसम्मको लापरबाहीले मेहनत गरेर पढ्ने सिर्जनशील विद्यार्थीलाई पढाइप्रतिको जोस जाँगर र लगाव नै हराउँदै जाने अवस्था निर्माण हुन्छ। नेपालमा विद्यालय तहमै मूल्यांकन पद्धतिमा यो हदसम्मको लापरबाही छ भने एसइइ परीक्षाको उत्तरपुस्तिका परीक्षणमा हुने लापरबाही र मनोमानीका कारण उत्तीर्ण हुनुपर्ने विद्यार्थी अनुत्तीर्ण हुने र अनुत्तीर्ण हुनुपर्ने विद्यार्थी उत्तीर्ण भएका र अस्वाभाविक प्राप्तांक हात परेका घटना कयौँ छन् ।

त्यसो त नेपालमा उच्च तहसम्मकै उत्तरपुस्तिका परीक्षणमा हदैसम्मको लापरबाही छ तर सरकारको ध्यान यो गम्भीर विषयमा खिचिन सकेको छैन । यता विद्यालय तहमा गाभिइसकिएको कक्षा ११ र १२ को शैक्षिक सत्र मिलान गर्न पनि सरकार असमर्थ देखिएको छ। औचित्यहीन भइसकेको एसइइ परीक्षा हाल पनि सञ्चालन गर्दा विद्यालयकै शैक्षिक सत्र १० कक्षासम्म वैशाखमा र ११ र १२ कक्षा साउनमा मात्र सुरु हुने अवस्था छ जसले पठनपाठनमा ठूलो समस्या निम्तिएको छ ।

एउटै विद्यालयमा दुइटा शैक्षिक सत्र थोपरेर पठनपाठन र व्यवस्थापनलाई अव्यवस्थित बनाइएको छ । हाल विद्यालय तहमै कक्षा ११ र कक्षा १२ गाभिएपछि सुधार्नुपर्ने शैक्षिक संरचनामा कुनै परिवर्तन देखिँदैन ।

शिक्षकको व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप र शैक्षिक वातावरणमा सुधार खोइ? विद्यार्थीले आफ्नै विद्यालयमा ११ कक्षामा पढ्न एसइइको फलामे बार तोड्नुपर्ने विडम्बना कहिलेसम्म ? विद्यमान शैक्षिक संरचनाबमोजिम १२ कक्षासम्मलाई विद्यालय तहमा गाभिएपछि एसइइ परीक्षाको औचित्यको अन्त्य भइसके पनि सरकार किन यो परीक्षाको पछाडि दौडिरहेको छ ? एसइइका नाउँमा सरकारले बर्सेनि किन करोडौँ रकम खर्चिरहेको छ? एसइइ परीक्षाको हाउगुजी देखाएर किन विद्यालय र विद्यार्थीलाई अनावश्यक दबाब सिर्जना गरिरहेको छ? कक्षा ११ र १२ पनि विद्यालय तहमै गाभिएपछि एसइइको औचित्य समाप्त भएको वास्तविकता स्वीकार्न शैक्षिक सरोकारवालाहरू किन अन्कनाइरहेका छन्? त्यसैले एसइइका नाउँमा हुने खर्च आइन्दा विद्यार्थीलाई पोषिलो खाजामा सरकारले खर्च गरोस्। खाजा कार्यक्रमले गरिब विपन्न बालबालिकालाई विद्यालय जान प्रोत्साहित गरेका विगतका तथ्यलाई सरकारले गम्भीर मनन गरी कम्तीमा सात कक्षासम्म विद्यालयले नै अनिवार्य खाजा खुवाउने कार्यक्रम लागु गर्नुपर्छ ।

विकसित मुलुकमा शिक्षकसरहको पेसागत सुविधा र सम्मान अन्य क्षेत्रमा काम गर्नेले माग गर्छन् तर विडम्बना अन्य सरकारी सेवासरहको न्यूनतम सेवासुविधाको माग गर्दै बर्सेनि शिक्षकहरू आन्दोलनमा उत्रन्छन् । नेपालमा सरकारको शिक्षक र शिक्षाप्रतिको दृष्टिकोण र व्यवहार कमजोर छ भन्ने तथ्य यहीँबाट प्रष्ट हुन्छ । अझ निजी क्षेत्रमा काम गर्ने शिक्षकको पेसागत सेवासुविधा हेर्ने हो भने निकै दयनीय छ, लाजमर्दो र उदेकलाग्दो छ तर सरकारलाई यसप्रति रत्तिभर चासो छैन। प्रतिभाशाली र तीक्ष्ण बुद्धिका विद्यार्थी शिक्षण पेसामा आकर्षित गर्ने र आमशिक्षकलाई सबै भन्दा माथिल्लो पेसागत सेवासुविधा उपलब्ध गराउने रणनीति सरकारले अवलम्बन गर्न ढिलो भइसकेको छ। पूर्वाधार व्यवस्थापन र प्राज्ञिक दक्षताले परिपूर्ण विद्यालय निर्माणमा सरकारको ध्यान खिचिनुपर्ने हो ।

उच्च शिक्षाको गुणस्तरको जग नै विद्यालय शिक्षा भएकाले प्रथमतः विद्यालय शिक्षाको सर्वतोमुखी सुधारमा सरकारको ध्यान खिचिनु जरुरी छ

। नागरिक दैनिक

सरकारी विद्यालयमा सुधार र निजी विद्यालयमा नियमन गरेर सरकारले शिक्षालाई गुणस्तरीय र विभेदरहित बनाउँदै लैजानुपर्नेमा पछिल्ला दिनमा सरकारी विद्यालय मर्ज हुँदै जाने विडम्बनाले गुणस्तरीय शिक्षाका लागि बालबालिकालाई निजी विद्यालयतर्फ घचेटेको छ। वर्तमान विद्यालय शिक्षामा राज्यको लगानीसँगै निजी क्षेत्र र दातृ निकायको प्रत्यक्ष लगानी पनि त्यत्तिकै छ। गुणस्तरीय शिक्षाका खोजीमा भौतारिएका अभिभावक विद्यालय तहको शिक्षाकै लागि निजी विद्यालयमा एक शैक्षिक सत्रमा लाखौं रकम खर्चिरहेका छन्। नाम चलेको निजी विद्यालयमा दुई वा तीन सन्तान पढाउन त अभिभावकले घर खेत बेच्नुपर्ने अवस्था छ । सरकारी विद्यालय जाने सन्तानले न स्वदेशमा न त विदेशमा रोजगारी पाउँछन् भन्ने भयले ग्रसित छन् अभिभावक। सरकार ले सार्वजनिक शिक्षा सुधार गर्न रत्तिभर चासो देखाएको छैन । विद्यार्थी अभावमा बन्द विद्यालय खोल्नभन्दा मर्ज गर्नमा सरकारको हतारो देखिन्छ । सरकारी विद्यालयको चरम राजनीतीकरण हटाइ उत्कृष्ट प्रधानाध्यापक तथा शिक्षक नियुक्त गरेर विद्यालयको शैक्षिक वातावरण सुधारी सबै बालबालिकालाई निःशुल्क र अनिवार्य विद्यालय शिक्षा प्रदान गर्ने दायित्वबाट सरकार चुक्दाको फाइदा निजी विद्यालयले उठाइरहेका छन् । प्रत्येक वर्षझैँ नयाँ शैक्षिक सत्र सुरु हुनुअगावै अभिभावक अत्तालिएका छन् । दुई तीन सन्तानलाई विद्यालय भर्ना गर्न नयाँ शैक्षिक सत्रमा सामान्य विद्यालयमा पनि झण्डै लाख रुपियाँ बुझाउनुपर्ने हुन्छ। निजी विद्यालयहरूले वार्षिक तथा मासिक शुल्कका अलावा खेलकुद, स्वास्थ्य, पोशाक, खाजा, यातायात, पाठ्यपुस्तक, स्टेसनरी, टाइ, बेल्ट, जुत्ता, झोलासमेतको रकम विद्यालय आफैँले मनलागी असुलेर अभिभावकको ढाड सेकिरहेका छन् । नयाँ शैक्षिक सत्रको मौका छोपी निजी विद्यालयहरूले शैक्षिक शुल्कका अतिरिक्त विभिन्न शीर्षकमा मोटो रकमको बिटो अभिभावकहरूबाट कुम्ल्याइरहँदा सरकार भने मौन छ ।

## पालिका अध्यक्षको घरमा प्रेसर कुकर बम

काठमाडौ । रुपन्देहीको सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेको घरमा प्रेसर कुकर बम फेला परेको छ । सियारी-४ दयानगर छपियास्थित अध्यक्ष घिमिरेको घर



पछाडितर्फको पर्खाल बाहिर प्रेसर कुकर फेला बम परेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ । अध्यक्ष घिमिरेले १० बजेतिर घरबाहिर निस्कने बेलामा तारबार जेलिएर राखिएको अवस्थामा प्रेसर कुकुर बम देखेका थिए । बम देखेलगत्तै उनले प्रहरीमा खबर गरेका थिए । अध्यक्ष घिमिरेको घरमा बम भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक ( डीएसपी ) श्याम् अर्यालले जानकारी दिए । अहिले नेपाल प्रहरी र नेपाली सेनाको बम डिस्पोजल टोली घटनास्थलमा पुगेको छ। घिमिरे नेपाली कांग्रेस रुपन्देहीका जिल्ला उपसभापति समेत हुन्। नेपाली सेनाको बम डिस्पोजल टोलीले बम डिस्पोजको तयारी गरिएको डिएसपी अर्यालले जानकारी दिए । बम कसले र किन राखेको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको उनले बताए।

## सिटी एक्सप्रेस मनी ट्रान्सफरद्धारा आर्थिक सहयोग

काठमाडौ। २०८० सिटी एक्सप्रेस मनी ट्रान्सफरद्धारा सामाजिक उत्तरदायित्व अन्तर्गत राष्ट्रिय अपाङ्गकोषलाई रु ५ लाख रकम सहयोग गरेको छ। नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा तहगत समाज कल्याण ऐन २०४९ को दफा २६ ले दिएको अधिकार प्रयोग गरि बनाएको "कोष स्थापना र संचालन कार्य व्यवस्था नियमावली २०५५ अर्न्तगत वि.स. २०३९ साल देखि संचालित राष्ट्रिय अपाङ्ग कोषले देशभरीमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता पुनसर् थापनाका साथै चौतर्र्फी विकासका लागि शिक्षा, स्वास्थ, रोजगारी र समावेशी समाजका कार्यका लागि समाज कल्याण परिषदद्वारा स्थापित संचालित कोष हो। राष्ट्रिय अपाङ्गकोषले वार्षिक १५०० अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहयोग सामाग्री जस्तै कृत्रिम हात ,खुट्टा, क्यालिफर, बैशाखी, सेतोछडी, वाकिंग स्टिक, ओर्थोपेडिक जुत्ता तथा अन्य आवश्यक सहायक सामग्री उत्पादन एवं वितरण गर्नुका साथै गुणस्तरिय फिजियोथेरापी, अकुपेशनल र परामर्श सेवा उपलब्ध गराउदै आएको छ । सिटी एक्सप्रेस मनी ट्रान्सफरले राष्ट्रिय अपाङ्ग कोषसँग सहकार्य गरि बैदेशिक रोजगारीका क्रममा अपाङ्गता भएकाहरुलाई सेवा पुऱ्याउने उदेश्यले राष्ट्रिय अपाङ्गकोषलाई उक्त रकम सहयोग गरेको हो। सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १६ वर्षदेखि संसारभरबाट विप्रेषण सेवाप्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको छ ।

# किन भएन आर्थिक समृद्धि ?

**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

सात सालको परिवर्तनदेखि नै देशमा आर्थिक वृद्धि औसत २/३ प्रतिशत बढेको छैन । राजनीतिको खिचातानीमा कुनै देश पनि समृद्धितर्फ उन्मुख हुन सक्दैन । हालै एडीबी र वर्ल्ड बैंकले नेपालको एकैथरी आर्थिक वृद्धिको प्रक्षेपण गरेका छन् र भनेका छन( अझै दुई वर्ष देशले अर्थतन्त्र सुधार गर्न सक्दैन र यहाँको आर्थिक वृद्धिदर ४.१ प्रतिशत हुने भनेर ।

चालू योजनाले देशमा डबल डिजिटको वृद्धि दर भनेको छ भने नेकपाको दुईतिहाइ सरकारले साढे ८ प्रतिशतको वृद्धिदर भनिदियो । तर, त्यो सरकारको पालामै कुनै बेला ऋणात्मक भइदियो, अहिले पनि देशले ७ प्रतिशतको आर्थिक वृद्धि हुने सपना देखेको छ, तर आर्थिक वृद्धि गर्ने त्यस्तो पूर्वाधार कुनै तय गरेको छैन । राजनीति धेरै तरल छ, दुई(दुई महिनामा प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने र कहिले कता कहिले कताको टेको टेकेर सत्तामा जानुपर्ने अवस्था छ ।

अर्थतन्त्रका आधारस्तम्भ खिया लागेका छन्, बैंक(वित्तीय संस्थाप्रति आम जनमानसमा नैराश्यता मात्रै होइन, धावा बोलिएको अवस्था छ । सशस्त्र युद्धमा बैंक, वित्तीय संस्था भनौं समग्र आर्थिक, शैक्षिक संस्थाहरू नै आँखाको तारो बने, थला परे ती, अझै उठ्न सकेका छैनन् । भूकम्पलगायत अनेकानेक समस्या कोरोनाको त्रास, पछिल्लो रसिया( युक्रेन युद्ध अनेकौं बहाना बनेका छन् देशको अर्थतन्त्र खस्किनुमा ।

पहिले आर्थिक क्षेत्रका महत्वपूर्ण अंगहरू भनौं नेपाल राष्ट्र बैंक, अर्थमन्त्रालयका सचिव, अर्थमन्त्री, योजना आयोगका पदाधिकारी, मुख्य अन्य बैंकहरूमा प्रमुखहरू नियुक्ति गर्दा अर्थशास्त्री, अर्थका विज्ञ, स्वदेश, विदेश सम्पूर्ण बुझेको व्यक्तिलाई नियुक्ति गरिन्थ्यो, अब त्यो चलन छैन । दलको भागबन्डाका आधारमा नियुक्ति गर्दा अर्थसम्बन्धी जानकारी नै नभएको नेतृत्व रहेको पनि देखियो । आर्थिक मन्दी त संसारले यसअघि पनि नखेपेको होइन, सन् २०३० को विश्व आर्थिक मन्दीबाट प्रभावित भइरहँदा संसारलाई नै त्राण दिन केही प्रयास भयो ।

खासगरी बेलायती अर्थशास्त्री जोन मिराल्डकिन्सको संयोजकत्वमा मन्दीका कारण, प्रभाव र अब गर्नुपर्ने कामबारेको अध्ययन भयो, उनै किन्सलाई आजसम्म अर्थशास्त्रीका पिताका रूपमा हेरिएको छ । परापूर्व कालदेखिको कौटिल्यको अर्थशास्त्र अनि अथर्ववेद, जसले बैंक, व्यवसाय, वास्तुशास्त्र सबै विषयको चर्चा गरेको छ, त्यो शास्त्रमा पनि हामी गएको देखिएन भने विद्यालय शिक्षामै राखिनुपर्ने देशको परिवेश, अर्थशास्त्रको अध्ययन, देशको भूबनोट र भविष्यमा तयार गर्नुपर्ने जनशक्तिबारे शैक्षिक संस्थाहरू तयार हुन सकेनन् ।

पिएचडीको प्रमाणपत्रले व्यवहारमा काम नगर्न सक्छ, मास्टर्स वा ब्याचलरअघि, अझ भनौं तिनको जग एसईईभन्दा पहिलेदेखि नै विद्यालय शिक्षाबाट नीति निर्माताको जनशक्तिका लागि हाल्नुपर्ने हुन्छ । विकसित देशमा तलैदेखि जनशक्ति योजना तयार गरिन्छ, अर्थशास्त्री तयार गर्न माध्यमिक शिक्षादेखि नै सुरु गरिन्छ तर यहाँ त्यस्तो चलन छैन र जति बढी ढुंगा हान्न जान्यो, दलहरूका लागि आफ्ना मान्छेको तयार त्यसरी नै हुन्छ, हालैको स्ववियु निर्वाचनमा भाला, खुकुरी सबै प्रयोग भएको देखियो ।

राजनीतिक दलहरूले स्कुल, कलेजदेखि नै आफ्नो क्याडर तयार गर्ने अनि लोकसेवाबाट आएका जनशक्ति, प्रशासन यन्त्रलाई दलीय आधारमा पद बाँडफाँड गर्ने अनि संवैधानिक आयोग, नियोगहरू सिर्जना गर्दै आफ्नै दलको कोटामा नियुक्ति गर्ने गर्दा मान्छेको योग्यता सम्बन्धित विज्ञ या विज्ञभन्दा पनि दलभक्ति हुने गरेकाले देशले समृद्धि खोज्नु भनेको सपना मात्र भएको छ । संघीयताको आगमनसँगै स्थानीय तहलाई सर्वेसर्वा त बनाइयो तर त्यहाँ विज्ञ जनशक्ति, अर्थशास्त्री, विकास बुझेको जनशक्ति नै छैन ।

योजना निर्माण, कार्यान्वयन, मूल्यांकन उही दलीय भागबन्डा, जसको सीधा परिणाम बजेट खन्याउने, कमिसनको चक्करमा पर्ने गर्नाले डोजरे र असारे विकास, माटो छोप्ने विकास साउनको भेलले बगाएर लग्ने गरेको छ । उद्योगव्यवसाय गर्नुअघि बजारको स्थिति, मागको विश्लेषण, वस्तुको कच्चा पदार्थ, उत्पादन प्रक्रिया, उत्पादित वस्तुको बजार, आपूर्ति, देशको मुद्रास्फीति, आर्थिक विश्लेषण, जोखिमको स्तर सबै अध्ययन गर्नुको साटो लहैलहै र देखासिकीमा लगानी गर्ने बानीले धेरै उद्यमीव्यवसायीहरू अहिले थप जोखिममा छन्, बैंकको ऋण बुझाउन सकेका छैनन्, घरघरमा बैंकहरूले सुरक्षा गार्ड पठाउन थालेका छन्, भाका नाघेका ऋण, त्यसको ब्याज(साँवा बुझाउन बैंक तथा वित्तीय संस्थाहरूले ताकेता गरेका, कालोसूचीमा राखिएका कैयन् सूचनाले छापाहरू भरिन थालेका छन् ।

घरजग्गा क्षेत्रमा विगतमा व्यापक लगानी भयो, अब तिनै घरघडेरी बिक्री हुन नसक्ने, लिलाम पनि हुन नसक्ने अवस्था सिर्जना भएको छ भने लगानीमा धैर्य गर्न नसकी तत्काल फाइदा पुग्ने गरी व्यापार गर्न पुग्दा देशले ठूलै व्यापारघाटा सहनुपरेको छ । सहकारीलाई गाउँतिर बैंककै रूपमा मानियो, लघुवित्त संस्थाहरू बेस्सरी खुले, ऋण पनि दिए, तिनले अहिले कडा विरोधको सामना गरिरहेका छन् भने साँवाब्याज नतिर्नसमेत कतिपयले भनिरहेका छन् । बाबुराम भट्टराई अर्थमन्त्री भएका बेला सरकारी बैंकहरूले दिएका ३० हजारसम्मको कर्जा र १ लाखसम्मको ब्याज पूरै मिनाहा भनिदिए, यसो गर्दा ऋणीहरूलाई केही सहज भयो होला, तर नतिरे पनि हुने रहेछ भन्ने मानसिकता पनि बन्यो, अहिले मिटरब्याजी र सहकारी( लघुवित्त भन्दै आन्दोलन हुन थालेको छ ।

बैंकिङ कारोबारमा आकर्षण हुने ऐन भनेको नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐन, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन हुन्, हाल लामो समयदेखि बैंकहरूमा तरलताको अभाव छ, त्यसलाई पूर्ति गर्न बैंकहरूले बचत वृद्धि गर्न ब्याज केही बढाए पनि राष्ट्र बैंकले रोक लगाएपछि फेरि घटेको छ । हाल कर्जाचक्र नै खलबलिएको अवस्था छ, उद्योगी(व्यवसायीहरूले सिंगल डिजिटमा ब्याजदर कायम राख्न माग गरेका छन्, त्यसले बचतकर्ताहरूलाई धेरै ब्याज दिन सकिएको छैन ।

नेपाल राष्ट्र बैंकका अनुसार पनि औसत निष्क्रिय कर्जा अनुपात २०७९ असारमा १.३१ प्रतिशत रहेकोमा माघसम्ममा २.५६ प्रतिशत पुगेको छ । खुद्रा कर्जाप्रदायक लघुवित्त संस्थाहरूको २०७९ असारसम्मको २.५६ रहेको निष्क्रिय कर्जा अनुपात पुससम्ममा ४.६८ प्रतिशत पुगेको छ । कालोसूचीमा पर्नेहरूको संख्या वृद्धि भएको छ । कर्जा सूचना केन्द्रको विवरणमा २०७८ सालमा ९ हजार ५ सय ५० भएकोमा २०७९ मा २२ हजार १ सय ८१ जना थपिएका छन् । ऋण साँवाब्याज तिर्न नसकेको भन्दै कतिपयले आत्मदाह गरे भने कतिले घरै छोडेर भागेको अवस्था छ ।

अघि शंखधरले ऋण मिनाहा गरेर नयाँ संवत् सुरु गरेको भनियो, अहिले नागरिकको शासन प्रणाली भनिएको लोकतन्त्रमा पनि सुदखोरहरूको कमी देखिएन र तिनका विरुद्ध आवाज उठ्दा सरकारले आयोगसम्म गठन गरेको छ, काम त के होला, पहुँच नहुने को होलान् र ? साहूमहाजन मुक्त गरी सर्वहाराको राजनीतिक प्रणाली भनियो, तर मिटरब्याजको पीडा, उखु किसानको पीडा, नुनचामलको पीडा भन्दै बालुवाटार आउनुपर्ने अवस्था छ, आमजनतामा संघीयताले देशमा मल्हमपट्टी लगाएको देखिएन, देश डुब्ने गरी ऋणमा परेको छ ।

नयाँ संविधान बन्नुअघिको देशको ऋणभार र अहिलेको ऋणभारलाई तुलना गर्नुपर्छ अब । चालू खर्च घटाउने भनियो, विकास खर्चको न्यूनता उस्तै छ । लोकतन्त्रमा पनि सुराकी खर्च कति भद्दा चरित्र रहेछ देशको । मीठो खाने राम्रो लाउने, नेताजीहरूको महँगा उपचार खर्च अनि सुरक्षाको ताँती भीड, महँगा सवारी साधनले देश खोक्रो अवस्थामा छ । केही विलासी वस्तुको आयात प्रतिबन्धमा निरन्तरता दिन सकिएन, भरमार पेट्रोल, डिजेलको अनियन्त्रित खर्च छ, खर्च घटाउने भनिरहँदा राजनीतिकर्मीहरूलाई दिइने खर्च हटाइएन ।

आफ्ना मान्छे भन्दै बजेटको जथाभावी वितरणको क्रम रोएिन, ठूला परियोजनाहरूको लागत खर्च बढ्दै जाने, तिनको समयावधि थप्दै जाने, ठेक्कापट्टामा सम्मिलित व्यक्तिहरू नै ठूलो पदमा पुग्ने, समानुपातिक प्रणालीको व्यापक दुरुपयोग भएको उद्यमी(व्यवसायीहरूलाई मन्त्री पद नै चाहिने र अर्थिक दुष्चक्रबाट देशले त्राण पाउन सकेको अवस्था छैन । कृषि प्रणाली मनसुन र पदीय भागबन्डा भनसुनमा हुने देखिँदा पनि निष्पक्ष भएर नीति निर्माण हुने गरेको पाइएन । दुनो सोझ्याउनुपर्ने, आफ्नै भागमा मीठोमसिनो पर्नुपर्ने यो अवस्थाले देश गरिबीको दलदलमा फसेको छ । टाउको राम्रो नहुँदा शरीरका अन्य अंगहरू राम्रो नहुने भएकाले नीतिनिर्माताहरू नै भागबन्डामा फस्न जानाले अन्य सबैजसो क्षेत्र देशमा धराशायी भएको अवस्था छ । विदेशको परिवेश भन्दै अब उम्कन मिल्दैन, भारत चीनलाई पनि विदेशको असर नपरेको होइन, तर तिनले गरेका आर्थिक प्रगति र समृद्धिलाई पनि नियाल्नुपर्छ । हेर्दाहेर्दै आर्थिक समृद्धिमा विश्वको शक्तिशाली बन्न सकेको छ, छिमेकी भारत । अन्य नवोदित साना देशहरू पनि हामीसँगै उठ्न थालेका छन्, तर ती धेरै माथि उठिसके । हामी भने सधैं भुइँमान्छेको देश हुनुपर्ने किन ? कारोवार

# सगरमाथाको ७०औँ वर्षगाँठ मनाइँदै

काठमाडौं । विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा मानवले पहिलोपटक पाइला टेकेको ७० वर्ष पुगेको छ । दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारी सन् १९५३ मे २९ तारिखमा सगरमाथाको शिखरमा पुग्नुभएको थियो ।

सोही आरोहणलाई स्मरण गर्दै सगरमाथा आरोहणको ७०औँ वर्षगाँठको सन्दर्भमा 'प्लाटिनम जुब्ली' मनाइने भएको छ । आगामी मे २९ तारिखमा नेपालमा भव्य कार्यक्रम गरी मनाइने नेपाल पर्वतारोहण सङ्घ (एनएमए)ले जनाएको छ ।

प्लाटिनम जुव्लीलाई भब्य रूपमा मनाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छ । समितिमा नेपाल पर्यटन बोर्ड, पर्वतारोहण सङ्घ, होटल सङ्घ नेपाल (हान), ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान)लगायत पर्यटन क्षेत्रका अगुवा संस्थाका प्रमुख एवम् प्रतिनिधि सदस्य छन् ।

समितिले प्लाटिनम जुब्लीलाई भव्यरूपमा सम्पन्न गर्नका लागि पूर्वतयारीका काम अघि बढाएको छ । समितिको बैठकले प्लाटिनम जुब्लीको कार्यतालिका तय गरेको एनएमएका महासचिव मोहन लम्सालले जानकारी दिनुभयो । "सगरमाथा आरोहणको ७० वर्ष पुगेको अवसरमा मनाउन लागिएको प्लाटिनम जुब्लीलाई सफल बनाउन कार्यक्रम तालिका बनाइरहेका छौँ, विदेशी पाहुना बोलाउनेलगायतका तयारी गरिएको छ", उहाँले भन्नुभयो ।

महासचिव लम्सालका अनुसार 'एभरेष्ट समिट' आयोजना गरी विश्वभरका सगरमाथा आरोहीलाई नेपाल सरकारकोतर्फबाट सम्मान गर्ने कार्यक्रम छ ।

एनएमएका पूर्वअध्यक्ष एवं प्रमुख सल्लाहकार आङछिरिङ शेर्पाका अनुसार मे २९ तारिखका दिन सोलुखुम्बुको खुम्जुङमा विशेष कार्यक्रम हुनेछ । त्यहाँ तेञ्जिन शेर्पाका छोरा जम्लिङ तेञ्जिङ शेर्पा र हिलारीका छोरा पिटर हिलारी सहभागी हुने कार्यक्रम छ ।

खुम्जुङको औपचारिक कार्यक्रम सकेर पर्वतारोहण सङ्घले काठमाडौँमा छुट्टै कार्यक्रम आयोजना गर्नेछ । आरोहीको सम्मानमा र्‍याली, सम्मान र रात्रिभोजलगायतका कार्यक्रम गरिने सङ्घले जनाएको छ । हिमालबारे जानकारसमेत रहनुभएका शेर्पाले सगरमाथाको प्लाटिनम जुब्ली कार्यक्रमको बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## खाँडादेवी गाउँपालिकाको बेरुजू सबैभन्दा बढी

गत आर्थिक वर्ष २०७८/०७९ मा रामेछापका ८ स्थानीयतहको ३७ करोड ७९ लाख रुपैयाँ रकम बेरुजू देखिएको छ । महालेखापरीक्षकको ६०औँ प्रतिवेदनमा रामेछापका ८ स्थानीयतहको बेरुजू रकम ३७ करोड ७९ लाख ७ हजार रुपैयाँ देखिएको हो ।


यस मध्ये खाँडादेवी गाउँपालिकाको सबैभन्दा बढी बेरुजू देखिएको छ । आर्थिक वर्ष २०७८/०७९ मा खाँडादेवी गाउँपालिका बेरुजू रकम ९ करोड २९ लाख १३ हजार रुपैयाँ देखिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा खाँडादेवीको बेरुजू रकम ५ करोड ६७ लाख ४ हजार रुपैयाँ थियो । यस पटकको प्रतिवेदन अनुसार खाँडादेवीको बेरुजू रकम बढेको हो । गोकुलगंगा गाउँपालिकाको बेरुजू रकम आर्थिक वर्ष २०७८/०७९ मा ५ करोड ६९ लाख ३१ हजार रुपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा गोकुलगंगाको बेरुजू रकम ४ करोड ४६ लाख ५८ हजार थियो । अघिल्लो आर्थिक वर्ष २०७७/०७८ ४ करोड १७ लाख ४० हजार रुपैयाँ बेरुजू रहेको लिखुतामाकोशी गाउँपालिकाको बेरुजू रकम आर्थिक वर्ष २०७८/०७९ मा ४ करोड ९३ लाख ८ हजार भएको छ । सुनापति गाउँपालिकाको बेरुजू ४ करोड ७९ लाख ४५ हजार रुपैयाँ देखिएको छ । अघिल्लो आर्थिक वर्षमा सुनापतिको बेरुजू रकम ६७लाख ८५ हजार मात्रै थियो । दोरम्बा शैलुङ्ग गाउँपालिकाको बेरुजू रकम ४ करोड ६६ लाख ७८ हजार रुपैयाँ छ । अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा यो पालिकाको बेरुजू रकम १ करोड ७४ लाख ३२ हजार मात्रै थियो । आर्थिक वर्ष २०७७/०७८ मा ३ करोड ४३ लाख ६० हजार रुपैयाँ बेरुजू रहेको मन्थली नगरपालिकाको पनि यस वर्ष बेरुजू बढेको छ । आर्थिक वर्ष २०७८/०७९ मा यस्तो रकम बढेर ५ करोड २० लाख ५८ हजार रुपैयाँ पुगेको छ । आर्थिक वर्ष २०७८/०७९ मा उमाकुण्ड गाउँपालिकाको बेरुजू रकम २ करोड ४७ लाख ९१ हजार रुपैयाँ छ । आर्थिक वर्ष २०७८/०७९ मा रामेछाप नगरपालिकाको ७२ लाख ८३ हजार रुपैयाँ बेरुजू देखिएको छ । अघिल्लो आर्थिक वर्ष २०७७/०७८ मा रामेछाप नगरको बेरुजू रकम १ करोड ५१ लाख ६० हजार रुपैयाँ थियो ।

## रामेछाप मन्थलीमा रामेछाप साँस्कृतिक तथा सडक महोत्सवको रौनक

रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा रामेछाप सास्कृतिक तथा सडक महोत्सव २०८० सुरु भएको छ । महोत्सवको उद्घाटन संघिय सांसद पूर्ण बहादुर तामाङ (कान्छाराम) ले गर्नुभयो । रामेछाप उद्योग बाणिज्य संघको अगुवाइमा शुक्रवारदेखि महोत्सव सुरु भएको हो । महोत्सवले जिल्लामा पर्यटन प्रवर्द्धन गर्न र सुस्ताएको व्यापार व्यवसायलाई चलायमान बनाउने अपेक्षा गरिएको छ ।

महोत्सवको पहिलो दिन शुक्रवार रामेछाप जिल्लाका विभिन्न स्थानमा र हेका माझी, हायु, सुनुवार, नेवार, मगर तामाङ लगायतका जात जातिहरूले आफ्नो संस्कृति झल्कने झाकी प्रदर्शन गरेका छन् । मन्थलीको देवकोटा चोकदेखि कृषि विकास बैङ्क सम्म मुख्य सडकमै स्टलहरू निर्माण गरिएको छ । ती स्टलहरूमा जिल्लाको विभिन्न स्थानमा उत्पादित कृषि उपज तथा वस्तुबाट बनेका परिकारहरू, दुग्धजन्य वस्तु तथा जडीबुटी जन्य वस्तुहरू प्रदर्शनीमा राखिएको छ । मुख्य आयोजक रामेछाप उद्योग बाणिज्य संघ रहेको उक्त कार्यक्रममा मुख्य प्रायोजक मन्थली नगरपालिका रहेको छ भने प्रायोजकको रुपमा रामेछाप नगरपालिका रहेको छ । त्यसैगरी सहयोगी संस्थाका रुपमा घरेलु तथा साना उद्योग कार्यालय रहेको छ भने सह-आयोजकमा रामेछाप होटल तथा पर्यटन ब्यवसायी संघ रहेको छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# मेगा क्यापिटलले शुरु गऱ्यो लगानी व्यवस्थापन सेवा

नयाँ वर्ष २०८० को अवसरमा ग्राहक वर्गलाई न्यूनतम लागतमा मेगा क्यापिटल मार्केट्स लिमिटेडले २०:८० लगानी व्यवस्थापन सेवा प्रारम्भ गरेको छ। उक्त सेवा अन्तर्गत ग्राहकले लगानी पोर्टफोलियोमा हाल विद्यमान मुद्दती निक्षेपमा प्राप्त गर्न सकिने अधिकतम १२ प्रतिशत ब्याजदरभन्दा बढी नाफा भएको खण्डमा मात्र बढी नाफाको २० प्रतिशत नाफा साझेदारी मेगा क्यापिटलले लिने गरी वार्षिक सञ्चालन सेवा शुल्कमा शतप्रतिशत छुट प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।




न्यून जोखिम आय उपकरणमा प्राप्त हुने आम्दानीसम्ममा सेवा शुल्क नलाग्ने हुनाले ग्राहक वर्गले न्यून लागतमा व्यावसायिक लगानी व्यवस्थापकको सेवा प्राप्त गर्न तथा सेयर बजारतर्फ लगानी प्रारम्भ गर्न मद्दत पुऱ्याउने आशा क्यापिटलले लिएको छ।

न्यूनतम ३ लाख नगद वा शेयर हस्तान्तरण गरेर उक्त सेवा न्यूनतम १ वर्षको लागि लिन सकिने र उक्त सेवा २०८० वैशाख महिनाभरिको लागि मात्र लागू हुने कम्पनीले जनाएको छ।

अपेक्षित प्रतिफल १५ देखि २० प्रतिशत हुने अनुमान गरिएको कम्पनीको भनाइ छ। लगानी व्यवस्थापन सेवा प्रदायक कम्पनीहरुमध्ये छोटो समयमा मेगा क्यापिटलले गुणात्मक र परिमाणात्मक हिसाबले आफूलाई अब्बल साबित गर्न सफल भएको कम्पनीको दाबी छ।

आफूले सेयर बजारमा लगानी गर्ने इच्छा हुँदाहुँदै पनि पर्याप्त समय दिन असमर्थ वा सेयर बजारसम्बन्धी जानकारी तथा अनुभव नभए पनि विशेषज्ञहरुबाट व्यावसायिक तवरले लगानी व्यवस्थापन सेवा लिन सकिनेछ।

# माछापुच्छ्रे बैंकको रेमिट्याप वालेटमार्फत् स्मार्ट क्यूआर भुक्तानी सेवा शुरु

माछापुच्छ्रे बैंकको रेमिट्याप वालेटमार्फत् स्मार्ट क्यूआरद्वारा भुक्तानी सेवा लिन/दिन सकिने भएको छ। रेमिट्याप वालेटमार्फत् विभिन्न व्यापार–व्यवसायमा




संलग्न व्यवसायीहरुले स्मार्ट क्यूआरमार्फत् भुक्तानी लिन तथा दिन स्मार्ट क्यूआरको सुविधा लिन सक्ने भएका हुन्। यो सेवा सुरु भएसँगै रेमिट्याप वालेट प्रयोगकर्ताले भाट–भटेनी सुपर मार्केट, बिग मार्ट, एक्सप्रेस मार्ट, किराना, मेट्रो सुपर मार्केट, मेट्रो मार्ट लगायत स्मार्ट क्युआर नेटवर्कमा सजिलै भुक्तानी गर्न सक्नेछन्। ईएमभी स्ट्याण्डर्डमा जारी गरी फाइनान्सीयल स्वीचमार्फत् कारोबारको भुक्तानी तथा फर्छ्यौट गर्ने भएकाले स्मार्ट क्युआरमार्फत् भुक्तानी लिन तथा दिन सहज, सुरक्षित र भरपर्दो हुने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# एनएमबि बैंकको सजिलो क्युआर कर्जा

एनएमबि बैंकले नयाँ वर्ष २०८० को उपलक्ष्यमा 'नयाँ वर्ष, नयाँ धमाका' नारासहित 'एनएमबि सजिलो क्युआर कर्जा' सुरू गरेको छ। बैंकले सर्वसाधारणसम्म वित्तीय पहुँच सुनिश्चितताका लागि आर्टिफिसियल इन्टेलिजेन्स




(एआई) मा आधारित आन्तरिक प्रविधि विकास गरी बैंकको क्युआर प्रणालीमा आवद्ध साना, मझौला तथा घरेलु उद्यमको आकस्मिक वित्तीय आवश्यकता लाई ध्यानमा राखी २ लाख रूपैयाँसम्मको एनएमबि सजिलो क्युआर कर्जा प्रदान गर्नेछ। विद्युतीय कर्जा प्रणाली विस्तार गर्ने, कर्जा प्रक्रिया सरलीकृत गर्ने र कर्जाको लागत कम गर्ने उद्देश्यका साथ सुरू गरिएको यो कर्जाबाट ग्राहकको व्यवसायलाई आवश्यक आकस्मिक वित्तीय आवश्यकता पूरा गर्न मद्दत पुग्ने विश्वास लिएको बैंकले जनाएको छ। यसबाट व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्नुका साथै बैंकले प्राथमिकतामा राखेको डिजिटाइजेसनको लक्ष्य प्राप्तिमा कोशेढुंगा सावित हुने विश्वास बैंकको छ।

# न्यूरो अस्पतालका कर्मचारीले राष्ट्रिय वाणिज्य बैंकबाट १५ लाखसम्म सहुलियत कर्जा पाउने

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र उपेन्द्र देवकोटा मेमोरियल नेशनल इँष्टिच्युट अफ न्यूरोलोजिकल एण्ड एलाइड साइन्सेस् अस्पताल, बाँसबारीबीच



सम्झौता भएको छ। अस्पतालका कर्मचारीहरुलाई पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा भएको सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र अस्पतालका प्रमुख कार्यकारी अधिकृत मिलन गुरुङले हस्ताक्षर गरेका छन्। सम्झौता अनुसार अस्पतालमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई अस्पतालको सिफारिसमा अधिकतम पन्ध्र लाख रुपैयाँसम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ।

बैंकले आधार दरमा प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ। हाल बैंकको आधार दर ८.६० प्रतिशत रहेको छ। सम्झौता अनुसार अस्पतालका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ। यस सम्झौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ। कार्यक्रममा अस्पतालकी कार्यकारी अध्यक्ष प्रा.डा.मधु दिक्षितको उपस्थिति रहेका थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी र विनयरमण पौडेल, विभागीय प्रमुखहरु आनन्द सुवेदी र अच्युत गौतम, प्रबन्धक सरोज कोइराला, अस्पतालका तर्फबाट प्रशासन प्रमुख विद्याकर अधिकारी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २७१ वटा शाखा कार्यालय, ५२ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङलगात सेवा सञ्चालन छन्।

# सिद्धार्थ बैंक र श्री हेल्थ केयर अस्पतालबीच सम्झौता

सिद्धार्थ बैंक र श्री हेल्थ केयर अस्पताल तथा प्रसुती गृहबीच छुट दिनेबारे




सम्झौता भएको छ। बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट नेपालगञ्ज शाखा प्रमुख किरण राणा मगर तथा अस्पतालका तर्फबाट प्रबन्ध निर्देशक डा. मञ्जु बिसी शाहले हस्ताक्षर गरेका छन्।

सो सम्झौता अनुसार बैंकका ग्राहकले श्री हेल्थ केयर अस्पतालमा बैंकको डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाइल बैंकिङ तथा क्युआरमार्फत भुक्तानी गर्दा विभिन्न स्वास्थ्य सेवामा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको जनाएको छ।

# महालक्ष्मी विकास बैंकको सहयोग

महालक्ष्मी विकास बैंक लिमिटेडका शाखाहरुद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालय, टोल सुधार समिति र मन्दिरलाई सहयोगका कार्यक्रम सम्पन्न भएका छन्। जसअनुसार बैंकको बानेश्वर शाखाले सुविधानगरमा अवस्थित तीनकुने टोल सुधार समितिलाई ५० थान डस्टबिन हस्तान्तरण गरेको छ। काठमाडौं महानगरपालिका वडा नं ३२ भित्रको फोहोर व्यवस्थापन गरी सफा तथा सुन्दर काठमाडौं बनाउन मद्दत पुऱ्याउने उद्देश्यले



बैंकले उक्त सहयोग प्रदान गरेको जनाएको छ। बानेश्वर शाखाका प्रमुख विकास रावलले तीनकुने टोल सुधार समितिका अध्यक्ष विश्वराज कार्कीलाई सो सामग्री हस्तान्तरण गरेको बैंकले जनाएको छ। त्यसैगरी बैंकको वीरगंज शाखाले अलखिया मठ सञ्चालक समितिलाई खानेपानीको ट्याङ्की तथा डस्टविन हस्तान्तरण गरेको छ। वीरगञ्ज शाखाका प्रमुख पुरुषोत्तम अधिकारीले अलखिया मठ सञ्चालक समितिका अध्यक्ष सुपेन्द्रबहादुर श्रेष्ठलाई सामग्री हस्तान्तरण गरेका हुन्। यस्तै बैंकको धादिङ शाखाले नीलकण्ठ नगरपालिका वडा नं ७ मा अवस्थित कर्णेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति हस्तान्तरण गरेको छ। विद्यालयमा अध्ययनरत गरिब, तथा न्यून आयस्रोत भएका परिवारका बालबालिका मध्येबाट गरिब तथा जेहेन्दार पाँच जना विद्यार्थीलाई बिचबजार–धादिङ शाखाका प्रमुख खिलप्रसाद सिलवालले प्रधानाध्यापक विष्णुहरि अधिकारीलाई छात्रवृत्ति बराबरको रकमको चेक हस्तान्तरण गरेका हुन्।

## अर्थ संसार

# आइएमई पेको तिमीलाई पनि, मलाई पनि अफर

आइएमई ग्रुप अन्तर्गत "आइएमई डिजिटल सोलुसन लिमिटेड"को "आइएमई पे"ले वालेट- टु-वालेट ट्रान्सफरलाई प्राथमिकता दिँदै "तिमीलाई पनि, मलाई पनि" नामक अफर सार्वजनिक गरेको छ।

२०७९ चैत २९ देखि २०८० भाद्र २६ (अप्रिल १२ देखि सेप्टेम्बर १२




२०२३) सम्म चल्ने सो अफरमा ग्राहकवर्गले आइएमई पेमा वालेट-टु-वालेट ट्रान्सफर अर्थात आइएमई पे वालेटबाट आइएमई पे वालेटमै पैसा पठाउने वा पाउने सेवा प्रयोग गरी स्मार्टवाच -हेयलोउ आर.टि एल.एस.०५५ जित्ने मौका पाउनुहुनेछ। सो अफर ५ महिनासम्म चल्ने छ र प्रत्येक महिनाको अन्त्यमा २ जना भाग्यशाली विजेता छनौट गरिनेछ। यस अफर अन्तर्गत पैसा पठाउने ग्राहकवर्गबाट एक जना तथा पैसा पाउने ग्राहकवर्गबाट एक जना विजेता गोलाप्रथाबाट छानिने छ। यस अफर अवधिभर वालेट-टु-वालेट ट्रान्सफर गर्नु हुने सम्पूर्ण ग्राहकहरुले सो पुरस्कार जित्न सक्नु हुनेछ। ग्राहकवर्गमा वालेट-टु-वालेट ट्रान्सफर (पि.टु.पि) सेवाको सहजता र महत्वको जानकारी प्रदान गर्नका साथै ग्राहकहरुलाई विधुत्तिय भुक्तानी माध्यम मार्फत कारोबार गर्न उत्प्रेरित गर्ने उद्देश्यका साथ यो अफर सार्वजनिक गरिएको हो।

# ग्लोबल आइएमई बैंकको 'सोचे जस्तै बैंक खाता' योजना

ग्लोबल आइएमई बैंक लिमिटेडले नयाँ वर्ष २०८० को अवसरमा आफ्ना ग्राहकलाई बचत तथा मुद्दति दुवैको प्रतिफल प्रदान गर्ने उद्देश्यले 'सोचे जस्तै बैंक खाता' सञ्चालनमा ल्याएको छ। बैंकले ल्याएको नयाँ खातामा ग्राहकको इच्छा बमोजिम तोकिएको न्यूनतम रकम बचत खातामा रही सो भन्दा माथिको रकम लाखको गुणनमा मुद्दतिमा स्वतः परिणत गर्न सक्नेछ। यसका साथै, 'सोचे जस्तै बैंक खाता' खोल्ने ग्राहकले तीन वर्षसम्मका लागि मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंकिङ सेवा तथा भिजा डेबिट कार्डको सुविधा निशुल्करुपमा प्राप्त गर्नेछन्। साथै, लकर सुविधा लिंदा पहिलो एक वर्षको लागि ५० प्रतिशत छुट पनि समावेश गरिएको छ। नियमित बचत गर्ने बानिको विकास गर्ने अभिप्रायले बैंकले आफ्ना ग्राहकलाई लक्षित गरी समय-समयमा यस्ता योजनाहरु ल्याउने गरेको जनाएको छ।

# एनआईसी एशिया बैंकका ग्राहकहरूलाई केसर स्वीट्स एण्ड फुड्समा १० प्रतिशत छुट

'डिजिटल फर्ष्ट बैंक' बन्ने दीर्घकालिन लक्ष्यसहित डिजिटल बैंकिङ्को प्रवर्द्धन गरिरहेको यस एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरूलाई काठमाडौंस्थित पशुपति प्लाजामा अवस्थित केसर स्वीट्स एण्ड फुड्समा विभिन्न मिठाईका परिकारहरु खरिद गर्दा १० प्रतिशत छुट उपलब्ध गराउने समझदारी भएको छ। सो सम्बन्धी समझदारीपत्रमा यस बैंकको तर्फबाट लाइफ स्टाइल बैंकिङ्ग युनिभर्स प्रमुख श्याम प्रसाद लामिछानेज्यू र केसर स्वीट्स एण्ड फुड्सको तर्फबाट सह-संस्थापक प्रिया तयालले हस्ताक्षर गर्नुभयो। पछिल्लो पटक डिजिटल कारोबारमा ग्राहक महानुभावहरूको बाक्लो उपस्थितीलाई मध्यनजर गर्दै सम्पन्न उक्त समझदारी अनुसार यस बैंकमा खाता सञ्चालन गर्नुभई मोबाइल बैंकिङ्ग, डेबिट कार्ड, क्रेडिट कार्ड वा प्लाटिनम कार्ड प्रयोग गरिरहनुभएका ग्राहक महानुभावहरू एवं बैंकका कर्मचारीहरूले केसर स्वीट्स एण्ड फुड्समा विभिन्न मिठाईका परिकारहरु खरिद गरी डिजिटल माध्यमबाट भुक्तानी गर्दा उक्त छुट प्राप्त गर्नुहुनेछ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो। यस बैंकले मुलुकभर ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०८ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ। देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ।

देशको अर्थतन्त्रको सबलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापना कालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ४१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ। जुन समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैटौं ठूलो योगदान रहेको कम्पनीहरू मध्येको हो। वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ। देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ।

# दक्षिणी छिमेकीसँगको व्यापार सम्बन्ध

डा. सुमनकुमार रेग्मी

नेपाल, भारत अन्तरसरकारी समितिको सचिवस्तरीय बैठक अर्थात् आईजीसीको बैठकमा जहिले पनि ठोस सहमति हुन सकेको देखिँदैन । २०७३ वैशाख, साउनतिर मात्र नेपाल, भारतबीच एक दर्जनभन्दा बढी दुईपक्षीय वार्ता भएका थिए । यस्तो प्रवृत्ति नेपाल, भारतबीच सम्बन्ध बिग्रेको वा नाकाबन्दी भएपश्चात् हुँदै आएको देखिन्छ । त्यस बेला गृहसचिवस्तरीय बैठक पनि गर्ने प्रस्ताव गरिएको देखिन्छ ।

२०७४ को फागुनमा प्रकाशमा आएअनुरूप नेपालको तेस्रो देशसँग भारतको पारवहन मार्ग भएर गरिने व्यापारमा सहजता ल्याउन ट्रान्ससिपमेन्ट मोडालिटी तयार गरी सचिवस्तरीय अन्तरसरकारी समितिमा नेपालले प्रस्ताव पेस गरिने भएको थियो । आईजीसी बैठक अप्रिल २०१८ अर्थात् २०७४ वैशाखतिर पोखरामा भयो । पहिलेदेखि नै नेपालले तेस्रो देशसँगको व्यापार भारत भएर गर्दै आएको छ । नेपाल, भारतबीच वाणिज्य तथा पारवहन एवं रेल्वे सम्झौताको कार्यान्वयनका लागि बनेको यो समिति बैठक सन्धिअनुसार हरेक ६, ६ महिनामा हुनुपर्ने भनिए पनि एकएक वर्षमा मात्र बस्दै आएको देखिन्छ ।

नेपाल, भारत सचिवस्तरीय अन्तरसरकारी समितिको बैठक ६, ६ महिनामा नेपाल र भारतमा बस्ने प्रावधान भएको थियो । माघ २०७१ मा यस समितिको बैठक बस्ने भनिएको थियो, तर २०७३ जेठसम्मा पनि यसको बैठक बसेन । यसको बैठक २०७३ असार दोस्रो हप्तापछि दिल्लीमा बसेको थियो । अघिल्लो र २०७२ असारमा दिल्लीमा बसेको आईजीसीको बैठकबीचमा एकतर्फी नाकाबन्दी नेपालले बेहोर्नुपरेको थियो । यसअघि डिसेम्बर, २०१३ मा अन्तरसरकारी बैठक बसेको ज्ञात हुन आउँछ । यस समितिको बैठकले बेलाबेलामा व्यापार, पारवहन र आर्थिक सहयोगबारेमा थप परिमार्जन गर्दै जाने गरेको देखिन्छ । सो बैठकले द्विपक्षीय व्यापार सन्धिलाई व्यापारिक र आर्थिक क्षेत्रमा अझ सुदृढीकरण गर्ने उपायहरू पहिल्याउँदै जाने गरेको छ ।

नेपाल, भारतबीचको व्यापार सन्धि मैत्रीपूर्ण, सहुलियतपूर्ण र सहयोगी सन्धिमा अवश्य छ । यद्यपि व्यवहारमा भने व्यापक कठिनाइ उत्पन्न भएकाले नेपालको निकासी भारतमा ह्वात्त बढ्न सकेको छैन । नेपाल, भारत व्यापार गर्दा बेलाबेलामा कठिनाइ उत्पन्न गरेको देखिन्छ । सन् २००९ को नेपाल, भारत व्यापार सन्धि सन् २०१४ पछि सात वर्षसम्म अर्थात् २०२१ सम्म कायम थियो । त्यसबीचमा २०७२ असोजपछि नेपालले नाकाबन्दी बेहोर्नुपरेको थियो । जहिले पनि नयाँ व्यापार सन्धिले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेली तेस्रो देशसँग व्यापार विविधीकरण तथा प्रवर्द्धन गर्ने भने पनि नेपालको वैदेशिक व्यापार भारतसँग मात्र अघिल्लो आवसम्म करिब अद्यपि ६७ प्रतिशत जति नै छ ।

भारतसँग भएको नेपालको निकासी व्यापारको मूल्य र परिमाण सबैभन्दा उच्चतम बिन्दुभन्दा तल झर्न नदिन यस्तो अन्तरसरकारी बैठक समय समयमा बस्नु उपयुक्त हुन्छ । अद्यापि कायम भएको नेपाल, भारत व्यापार सन्धि (२००९) अनुसार नेपालबाट भारतमा निकासी गर्न मनाही गरिएका तीन वस्तु र परिमाणात्मक कोटामा भएका चार वस्तुबाहेक अरू सबै वस्तु भारतमा निकासी गर्दा सहुलियतपूर्ण व्यवहार भनिए पनि ३० प्रतिशतको सम्मिश्रणले गर्दा नेपालका धेरै वस्तुमा भारतको अतिरिक्त भन्सार शुल्कको मारले कहिलेकाहीं भारत निकासी ठप्प बन्न जान्छ । तर, भारतबाट नेपालमा आयातमा पटकपटक भारतको एकतर्फी नाकाबन्दी हुन जान्छ । उदाहरणका रूपमा २०७२ र त्यसअघि तीन पटकको भारतको नाकाबन्दी रहेको थियो । हरेक पटक नेपाल, भारत व्यापार सन्धि नयाँ गरे पनि यस्ता समस्या सदा रहिरहेकै देखिन्छ ।

यसबाट नेपालको निकासीप्रति भारतको दृष्टिकोण छर्लङ्ग हुन्छ ।

नेपालको भारतमा निकासी सम्भावना भएका वस्तुहरूमा जहिले पनि केही न केही समस्या देखा परी असर परेको देखिन्छ । जुनसुकै नेपाली निकासी उत्पादन, पाकिस्तानी र अरू दक्षिण एसियाली देशका उत्पादनमाथि भारतको नियत स्पष्ट देखिन्छ । यसको पछाडि भारतले नेपालसहित अरू एसियाली देशलाई भारतीय वस्तुका बजारमात्र बनाउन खोजेको त होइन, प्रस्ट झल्किन्छ ।

नेपाल, भारतबीच जे जस्ता व्यापार सन्धि भए पनि अद्यावधिक प्रावधान सकारात्मक रूपमा देखिएको अवस्थामा पनि भारतले नेपालबाट आफ्नो पैठारीमा कहिले अतिरिक्त शुल्क लगाउने, कहिले समयअनुसार फरक प्रवृत्तिका नेपालको निकासीमा असर गर्ने खालका नपत्याउँदो प्राविधिक एवं प्रक्रियागत अप्ठेरा पटकपटक देखा पर्न गएका देखिन्छन् ।

कहिले नेपालको कृषि, पशु, एवं वनउन्मुखका उत्पादनलाई भारतीय प्रयोगशाला परीक्षणले त कहिले भारतमा आफ्ना केन्द्रीय र राज्य सरकारबीचको समन्वयको अभाव, कहिले नेपाली निकासी वस्तुमा अन्तर्राष्टि्रय मापदण्डको बेवास्ता गरी नेपाली वस्तुमा भारतको एकाधिकार व्यवहारले नेपाली निकासी वस्तुलाई असर गरेको छ । नेपाल, भारतबीचको व्यापार अन्तर्राष्टि्रय मापदण्ड बमोजिम पारवहन र भूपरिवेष्टित देशको सम्बन्धका आधारमा दुवै देशले पालना गर्नु दुवै देशको कर्तव्यभित्र पर्छ । उपर्युक्त विचार अनुसरण गर्दा नेपाल, भारतबीचको व्यापारमा अवरोधहरू विद्यमान भएकाले लगानीभन्दा बढी नेपाल, भारत व्यापार प्रवाह विशेषत: नेपालको भारतमा निकासी पक्षलाई समेटी द्विपक्षीय व्यापार तथा लगानी विवाद व्यवस्थापन संयन्त्र बनाइनुपर्छ । नेपालको निकासी भारतमा नजाने हो भने भारतीय लगानी नेपालको लागि के अर्थ हुन्छ र ? यस्ता बुँदाहरू नेपाल भारत अन्तरसरकारी बैठकमा राखिनुपर्छ । साथै पारवहन मामलामा त विश्व व्यापार संगठनको प्रावधान खोतली आवश्यक कारबाही र क्षतिपूर्तितर्फ लाग्न जरुरी देखिन्छ, अन्यथा नेपाल, भारत उच्चस्तरीय भ्रमणका बेला सल्टाउनुपर्छ ।

२०७७ पुसमा नेपाल, भारतबीच व्यापार, पारवहन र अनधिकृत व्यापार नियन्त्रणका लागि बनेको सचिवस्तरीय आईजीसी भर्चुअल बैठकले नेपाल भारत पारवहन सन्धि संशोधन गर्नेलगायतका महत्वपूर्ण विषयमा सहमति गरेको थियो । यस्ता सहमति कैयन् पटक भइसकेका हुन् । सन्धि संशोधनका लागि मस्यौदा तयार पारेको एक वर्षभन्दा बढी समय भएकाले मस्यौदा मस्यौदामै रुमल्लिने त होइन ?

२०७५ मा नेपाल र भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको भर्चुअल बैठकले नेपाल र भारत पारवहन सन्धि पुनरावलोकन गर्ने सहमति भएको थियो । त्यसपछि विभिन्न चरणमा नेपाल र भारतबीच यस विषयमा छलफल हुँदै आएको देखिन्छ । आगामी रेल पनि समेटिएको पारवहन सन्धिमा नेपाललाई सहज हुने खालका कुरा थपिएका हुनेछन् । यसमध्येको आईडब्लू अर्थात् इन्ल्यान्ड वाटर बेल्ट अर्थात् नदीहरूका मार्ग प्रयोगको सुविधा अर्थात् यो मस्यौदा जस्ताको त्यस्तै पास हुन गएमा अरू नेपालको विभिन्न समुद्री बन्दरगाहबाट भारतभित्र साना जलमार्गहरू प्रयोग गरेर सामानहरू ल्याउन पाइनेछ । प्रस्तावित मार्गहरूमा कोलकाता, बनारसी, कोलकाता, साहेबगन्ज र कोलकाता, कलघरी छन् । कार्गो ट्रांकिङ सिस्टमलाई आधुनिक प्रविधिमैत्रीका रूपमा लिइएको छ । पहिले सन् १९९५ मा पुनवरालोकन भएको उक्त सन्धि सन् २०१३ मा नवीकरण भएको थियो ।

उत्तर भारतका यूपीको आईसीडी, बिहार र वेस्ट बंगालका आईसीडीसँग नेपालको वीरगन्जसँग रेल सञ्जाल छ र अरूसँग पनि कनेक्टिभिटी हुँदैछ । त्यसैले डिसेम्बर २००८ को रेलसेवा सम्झौताको व्यापक संशोधनको खाँचो छ । आन्तरिक जलमार्ग उपयोग गर्न नेपाल र भारत पारवहन सन्धिको प्रोटोकलमा जलमार्ग एवम् बहुआयामिक ढुवानी रुट वा मार्गहरू सम्बन्धी पारवहनसमेत राखिएको छ । ढुवानीसम्बन्धी अन्य प्रक्रिया र पारवहन व्यवस्थाहरू नेपाल तथा भारत पारवहन सन्धिको प्रोटोकलको मस्यौदा तयार गर्न सहमति भइसकेको थियो । पारवहन विविधीकरण गर्न भारतका दुई बन्दरगाह घासा र मुन्द्रा नेपालका लागि खुला गर्ने विषय पनि २०७६ मंसिरको सहसचिव स्तरीय बैठकमा उठाइएको थियो ।

सरकारले विद्यमान रेलसेवा सम्झौतालाई शीघ्र अन्तिम रूप दिने भएको थियो । नेपाल ,भारत सचिवस्तरीय बैठकमा रेलसेवा सम्झौता संशोधनलाई अन्तिम रूप दिई शीघ्र हस्ताक्षर गर्न गरिएको देखिन्छ । नेपाल र भारतबीच सरकारी र निजी क्षेत्रबीचको संयुक्त व्यावसायिक मञ्च अर्थात् जेबीएफ पनि स्थापना भइसकेको थियो । निजी क्षेत्रले धेरै अगाडिदेखि उठाउँदै गरेको र मे १९९६ को व्यापार सन्धिमा समेत नेपाली र भारतीय निजी क्षेत्रको संयुक्त आर्थिक आयोग गठन भई ती सुझाव लागू गर्न यो आवश्यक मात्र होइन, अनिवार्य नै थियो ।

नेपाल तथा भारत सीमा समन्वय बैठक भारतको नौतनवामा भएको ६६ औं गण एसएसबी क्याम्प २०७९ चैत १५ मा सम्पन्न भएको छ । उक्त बैठकमा शान्ति तथा सम्झौता, एकीकृत जाँच चौकी अर्थात् आईसीपी निर्माण, दशगजा क्षेत्रमा रहेका सीमास्तम्भका नियमित मर्मत, मानव बेचबिचन, लागूऔषध तथा अन्य वस्तुका तस्करी नियन्त्रण लगायतका विषयमा छलफल भएको थियो ।

दुई देशबीच व्यापारका उद्देश्यले महत्वपूर्ण रहेको आईसीपी निर्माणमा देखिएको अस्पष्टतता विषयमा बैठक केन्द्रित थियो । बेलहियामा निर्माणको क्रममा रहेको आईसीपीको ठेक्का प्रक्रिया सकिएको बताइएको थियो । उक्त आईसीपी शिलान्यास उद्घाटनका लागि तयारी रहेको बताइएको थियो । साथै भारतमा हुने नगरपालिकाका चुनावमा नेपालले सहयोग गर्नेमा छलफल भएको थियो । भारतका नगरपालिकामा निर्वाचनलाई विचार गरी थप सुरक्षा सतर्कता अपनाउन नेपाल प्रशासनले पूर्ण सहयोगको आश्वासन दिइएको थियो ।

नेपाल, भारत सीमा फिल्ड सर्भे टोलीको काम कहिल्यै पूरा हुने देखिएको छैन । यस्ता टोलीले सीमा खम्बा पनि निर्माण गर्दै आएका छन् । नेपालको जमिन भारततर्फ पारिएको भनाइ बेलाबखत प्रकाशमा आएको देखिन्छ । यस्ता व्यक्त विचार तथ्यहीन हुन् त ? स्थानीय बासिन्दाका अनुसार अनावश्यक सीमास्तम्भ नेपाली भूमिमा ल्याएर भारतले निर्माण गर्दै आएको छ । नेपाली स्थानीय बासिन्दाका जमिनमा भारतीय सीमा स्तम्भ गाडिँदै आएको देखिन्छ । यस्ता जमिन भारततर्फ पर्दै आएको प्रशस्त उदाहरण छन् । २०७९ भदौ २२ मा बसेको मन्त्रीस्तरीय बैठकले वाणिज्य सचिव र सहसचिवस्तरीय अन्तरसरकारी समितिको बैठकको तयारीका लागि समिति गठन गर्ने निर्णय गरेको थियो । कारोवार

नेपाल, भारतबीचको व्यापार सन्धि मैत्रीपूर्ण, सहुलियतपूर्ण र सहयोगी सन्धिमा अवश्य छ । यद्यपि व्यवहारमा भने व्यापक कठिनाइ उत्पन्न भएकाले नेपालको निकासी भारतमा ह्वात्त बढ्न सकेको छैन । नेपाल, भारत व्यापार गर्दा बेलाबेलामा कठिनाइ उत्पन्न गरेको देखिन्छ । सन् २००९ को नेपाल, भारत व्यापार सन्धि सन् २०१४ पछि सात वर्षसम्म अर्थात् २०२१ सम्म कायम थियो । त्यसबीचमा २०७२ असोजपछि नेपालले नाकाबन्दी बेहोर्नुपरेको थियो । जहिले पनि नयाँ व्यापार सन्धिले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेली तेस्रो देशसँग व्यापार विविधीकरण तथा प्रवर्द्धन गर्ने भने पनि नेपालको वैदेशिक व्यापार भारतसँग मात्र अघिल्लो आवसम्म करिब अद्यपि ६७ प्रतिशत जति नै छ । भारतसँग भएको नेपालको निकासी व्यापारको मूल्य र परिमाण सबैभन्दा उच्चतम बिन्दुभन्दा तल झर्न नदिन यस्तो अन्तरसरकारी बैठक समय समयमा बस्नु उपयुक्त हुन्छ । अद्यापि कायम भएको नेपाल, भारत व्यापार सन्धि (२००९) अनुसार नेपालबाट भारतमा निकासी गर्न मनाही गरिएका तीन वस्तु र परिमाणात्मक कोटामा भएका चार वस्तुबाहेक अरू सबै वस्तु भारतमा निकासी गर्दा सहुलियतपूर्ण व्यवहार भनिए पनि ३० प्रतिशतको सम्मिश्रणले गर्दा नेपालका धेरै वस्तुमा भारतको अतिरिक्त भन्सार शुल्कको मारले कहिलेकाहीं भारत निकासी ठप्प बन्न जान्छ । तर, भारतबाट नेपालमा आयातमा पटकपटक भारतको एकतर्फी नाकाबन्दी हुन जान्छ । उदाहरणका रूपमा २०७२ र त्यसअघि तीन पटकको भारतको नाकाबन्दी रहेको थियो । हरेक पटक नेपाल, भारत व्यापार सन्धि नयाँ गरे पनि यस्ता समस्या सदा रहिरहेकै देखिन्छ । यसबाट नेपालको निकासीप्रति भारतको दृष्टिकोण छर्लङ्ग हुन्छ । नेपालको भारतमा निकासी सम्भावना भएका वस्तुहरूमा जहिले पनि केही न केही समस्या देखा परी असर परेको देखिन्छ । जुनसुकै नेपाली निकासी उत्पादन, पाकिस्तानी र अरू दक्षिण एसियाली देशका उत्पादनमाथि भारतको नियत स्पष्ट देखिन्छ ।

## जिब्रो छेड्न तयार भएका २७ वर्षीय सुजन श्रेष्ठ

भक्तपुर । मध्याह्नदेखि नै मध्यपुरथिमिको बोडे क्षेत्रमा मानिसहरूको भीड बढ्दै गयो । हेर्दाहेर्दै मध्यपुरथिमि नगरपालिका बोडेको पाँचो गणेशको दक्षिण फर्केको पाटी आसपासदेखि बोडेको अधिकांश क्षेत्रमा मानिसको भीड निकै बाक्लो भयो । बिस्केट जात्राको अवसरमा हरेक वर्ष २ गते मनाइने मध्यपुरथिमि बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रा हेर्न दिउँसो १ बजेसम्म मानिस खचाखच भए । दिउँसो २ बजे बाँसको चिम्टी बजाउँदै एकहुल मानिस हातको साङ्लो बनाएर जिब्रो छेड्ने पाँचो गणेश मन्दिर क्षेत्रमा आएपछि सबैको ध्यान त्यतैतिर केन्द्रित भयो । बीचमा थिए, जिब्रो छेड्न तयार बाँकी ६ पृष्ठमा

# खेलकुद

## लन्डन म्याराथनमा नेपाली भेट्रान खेलाडी

काठमाडौं । लन्डन म्याराथनमा सहभागी हुन ३ पुरुष भेट्रान खेलाडीसहित ४ सदस्यीय नेपाली भेट्रान टोली बुधबार लन्डन जाने भएका छन् ।

रामकृष्ण महर्जनले ६५-७० वर्ष, शम्भुप्रसाद दाहालले ६१-६५ वर्ष र सन्जिव अर्याललले ४०-४५ वर्ष उमेरसमूहमा दौड्ने छन् ।



सबैले फुल म्याराथनमा भाग लिने छन् । अफिसियलमा राधा महर्जन छिन् । सबैसँग अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको अनुभव छ ।

त्यस मध्ये सबैभन्दा बढी अनुभवी रामकृष्ण हुन् । उनले लन्डन म्याराथनअघि विभिन्न २१ अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेका छन् । सहभागिता जनाएको प्रतियोगितामा हालसम्म रामकृष्णले विभिन्न स्पर्धामा ३ स्वर्ण, ३ रजत र ४ कांस्य पदक जितेका छन् । रामकृष्णले सहभागिता जनाएको प्रतिष्ठित म्याराथनमा बोस्टन, बर्लिन, टोकियो, सिकागो र न्युयोर्क सिटी म्याराथन हुन् । टोलीलाई बैकुण्ठ मानन्धर खेलकुद नेपालले त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजित एक कार्यक्रमबीच बिदाइ गरेको छ । बैकुण्ठ मानन्धर खेलकुद नेपालका अध्यक्ष दक्षिण एसियाली खेलकुदका कीर्तिमानी पूर्व धावक बैकुण्ठ मानन्धर, एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्री, एथलेटिक्सकर्मीलगायतले उनीहरूलाई सोमबार बिदाइ गरे ।

## मुम्बईले कोलकतालाई हरायो

काठमाडौं । इन्डियन प्रिमियर लिग (आईपीएल) मा मुम्बई इन्डियन्सले आइतबार कोलकता नाइट राइडर्सलाई ५ विकेटले पराजित गरेको छ ।

मुम्बईको घरेलु मैदान वाङखडे स्टेडियममा टस हारेर पहिले ब्याटिङ गरेको कोलकताले वेनकाटेश अयेरको शतधक मद्दतमा निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १८६ रन बनाएको थियो । मुम्बईले १८६ रनको लक्ष्य १७.४ ओभरमा ५ विकेट गुमाएर पूरा गऱ्यो । मुम्बईको जितपछि १५ वर्षपछि कोलकताको खेलाडीले बनाएको शतक छायामा पऱ्यो ।

मुम्बईका नियमित कप्तान रोहित शर्माको सट्टा सूर्यकुमार यादवले कप्तानी



गरेका थिए । दोस्रो इनिङ्समा रोहित इम्प्याक्ट प्लेअरको रुपमा ब्याटिङ गर्न आएका थिए । मुम्बईको लागि इशन किसनले २५ बलमा ५ चौका र ५ छक्का प्रहार गरी सर्वाधिक ५८ रन बनाए । कार्यवाहक कप्तान सूर्यले २५ बलमा ४३ रन जोडे । तिलक बर्माले पनि २५ बल खेल्दै ३० रन बनाए । रोहित शर्माले १३ बलमा २० रन बनाए । टिम डेविडले १३ बलमा अविजित २४ रन जोडे । कोलकताका लागि सुयास शर्माले २ तथा शार्दुल ठाकुर, वरुण चक्रवर्ती र लकी फर्गुसनले समान १ विकेट लिए । त्यसअघि वेनकाटेश अयेरले १०४ रन प्रहार गरेपछि कोलकताले ६ विकेट गुमाएर १८५ रन बनाएको थियो । वेनकाटेशले ५१ बल खेल्दै ६ चौका र ९ छक्का प्रहार गरे । रिंकु सिंहले १८ र शार्दुल ठाकुरले १३ रन जोडे । आन्द्रे रसेलले ११ बलमा ३ चौका १ छक्का प्रहार गर्दै अविजित २१ रन बनाए । मुम्बईका लागि ऋतिक शोकिनले २ तथा क्यामरुन ग्रीन, डुवान जानसेन, पियुष चावला र राइले मेरेडिथले समान १ विकेट लिए । चार खेल खेल्दा दोस्रो जित निकालेको मुम्बई ४ अंक जोडेर आठौं स्थानमा छ । पाँच खेल खेलिसकेको कोलकताको यो तेस्रो हार हो । ४ अंक नै रहेको कोलकता राम्रो रनरेटका आधारमा पाँचौ स्थानमा छ ।

## ए डिभिजन लिगमा पुलिस र सातदोबाटोले गोलरहित बराबरी खेले

काठमाण्डौ । शहीद स्मारक ए डिभिजन लिग फुटबलमा नेपाल पुलिस क्लब र सातदोबाटो युथ क्लबले गोलरहित बराबरी खेलेका छन् । त्रिपुरेश्वरको दशरथ रङ्गशालामा आइतवार भएको खेलमा दुवै टोलीले राम्रो अवसर सिर्जना गरे पनि गोल गर्न सकेनन् । बराबरीसँगै पुलिस ५ अङ्कसहित तालिकाको पुछारमा रहेको छ । सातदोबाटो १७ अङ्कसहित शीर्ष स्थानमा छ । यस्तै आजै ललितपुरको च्यासल मैदानमा भएको खेलमा सङ्काले एपीएफलाई १-० गोल अन्तरले हरायो ।

## निर्वाचन.....

छोराछोरीलाई अदर्शका कुरा छाटेर बराल्ने अनि दास बनाउने नेताहरुले ठूला भनिएका मिडिया किनेर प्रचारमा लगाउने ब्वासा सैलीका पार्टीहरुका केही केही नेताले सिगो पार्टी प्रभावमा राखेर हाली मुहाली गर्ने र पार्टी भित्रका सोजा सिधा कार्यकर्तालाई दास भै पिसिरहने र यस्तै नियतहरु यथावत राख्न सकिन्छ कि भन्ने अन्तिम प्रयत्न गरेको देखिन्छ ।

यस्ता नियतीहरुलाई चितवनवासी, तनहुका जनताले सफल हुन दिने छैनन् भन्ने देश(विदेशमा रहेका जनताको मत छ । तर जनतमत प्रकट गर्ने अधिकार उपनिर्वाचनमा चितवन, तनहु, बाराका जनतामा रहेको छ । त्यसकारण लोकतन्त्रमा जनमतलाई कदर गर्नुपर्छ । लोकतन्त्रको सिद्धान्त हो । त्यो भन्दा अगाडी निर्वाचन आसपासमा भईरहेको उम्मेद्धारहरुको व्यक्ति विशेषलाई लिएर कपोल कल्पित लान्छाना लगाउने गरी सामाजिक सञ्जालमा ल्याईएका अमर्यादित युटुवर प्रयोग गरी अभियान्ताको रुपमा दुर्गा प्रसाई मार्फत भएका गतिविधि सोभनिय देखिदैनन् । कतिपय विषयमा रवि लामिछानेका समर्थकहरुले पनि उत्तेजित भई दिने अभिव्यक्ति शोभनिय छैनन् । त्यसैले परिवर्तनको पक्षमा लाग्ने आम नागरिकहरुले मर्यादित हुन बढी मेहनत गर्नुपर्ने हुन्छ । यथा अवस्थामा रमाउन चाहानेहरुले आफ्नो रक्षा गर्छन । तर रक्षा गर्ने तरिकामा प्रष्ट समाजले पचाउन नसक्ने गरी गरिने हर्कतहरु आईरहेका छन् । त्यसकारण सयमित हुँदै प्रष्टसँग उम्मेद्धारहरुले जनतामा राख्ने योजनाहरु सहज ढंडबाट जानुपर्छ लान्छना गाली गलौजले सभ्य, समाजलाई गिज्याउछ । त्यसैले राजनीतिक पार्टीका नेताहरु मुख रातो होइन देशका जनताले दुखः पीडा, अफ्ठ्यारो लाई फुकाएर कसरी सेवा सुविधा जनतालाई दिन सकिन्छ । जनताले अपनत्व हुने व्यवस्था कसरी निर्माण गर्न सकिन्छ । त्यता पटी ध्यान दिएर काम गरयो भने राम्रो इतिहास लेख्ने अवसर छ । इतिहाँस जो कसैले बनाउदैन र त्यस्तै खालको काम गर्ने अवसर एक पटक आउछ । पटक पटक आउदैन । बिग्रेको सिस्टमलाई सुधारेर काम गर्न सकेको खण्डमा असल इतिहास यहि कालखण्डमा लेख्ने हो भने अर्कोले त्यो इतिहास लेख्ने अवसर नै पाउदैन । यस्तो महत्वपूर्ण इतिहास बनाउन लादा चै राम्रो हुन्छ होला ।

यस्तो काम गर्ने तर्फ पार्टीका नेताहरु लादा राम्रो हुन्छ । मुख रातो पारेर षयन्त्र गरेर केही प्राप्ति हुदैन । दुई चार दिनको एक दुई बर्षको लागि प्राप्ति होला जनताले ढिलो चाडो थाहा पाईहाल्छन् । जनताले यस्ता षयन्त्रहरु थाहा पाएको दिन ईतिहास राम्रो लेखिदैन । नराम्रो इतिहास लेख्ने कु कर्म कुनैपनि पार्टीका नेताहरुले नगरुण ।

## राष्ट्रपतिले ......

राष्ट्रदीप, तीन सय १६ जनालाई प्रबल जनसेवाश्री, एक जनालाई र ष्ट्रदीप र २०५ जनालाई जनसेवाश्री प्रदान गर्नुभएको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रको गौरव बढाउन अतुलनीय योगदान गर्ने पूर्वप्रधानमन्त्री स्व सुशील कोइरालासहित समाजका विभिन्न क्षेत्रका सात सय २८ व्यक्तित्वलाई विभिन्न मानपदवी सो अवसरमा प्रदान गर्नुभएको थियो ।

राष्ट्रपति पौडेलले पूर्वप्रधानमन्त्री स्व कोइरालालाई दिइएको नेपाल रत्न उनकी परिवारिक सदस्य किरण कोइरालालाई प्रदान गर्नुभयो । राजनीतिज्ञ स्व जीवराज न्यौपाने 'आश्रित', लाई प्रदान गरिएको राष्ट्र गौरव उनकी धर्मपत्नी माया न्यौपानेलाई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी र संस्कृतिविद् स्व सत्यमोहन जोशीलाई प्रदान गर्नुभयो ।

सुप्रसिद्ध प्रबल जनसेवाश्री डा.जगमान गुरुङलाई प्रदान गर्नुभयो । समारोहमा व्यवसायी, संस्कृतिविद्, कलाकार, पत्रकार, समाजसेवी, खेलाडी, प्रशिक्षक, निजामती, जङ्गी, चिकित्सक, विदेशी नागरिकलगायतलाई मानपदवी प्रदान गरिएको थियो ।

## उद्योग....

उल्लेख गर्नु भएको छ । नवनिर्वाचित अध्यक्ष ढकाल पहिलो पुस्ताका सफल उद्यमी व्यवसायी हुनुहुन्छ । महासङ्घमा दुई कार्यकाल कार्यकारिणी समिति सदस्य रहनुभएका ढकालले लगानी समिति, रोजगारदाता परिषद्को सभापति, एसोसिएट उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्षको जिम्मेवारी सम्हालिसक्नु भएको छ ।

## मालपोत....

मन्त्री श्रेष्ठले निर्देशन दिएकी हुन् । 'मैले नेतृत्व गरेको मन्त्रालय अन्तर गत हुने कुनै पनि अनियमितता, भ्रष्टचार र गलत कामलाई म नजर अन्दाज गर्न सक्दिन । जसरी मालपोत कार्यालय कास्कीको भिडियो मिडिया र सामाजिक सञ्जालमा भाइरल भईरहेको छ त्यस बिषयमा तत्काल छानविन गरि रिपोर्ट बुझाउनु होला', मन्त्री श्रेष्ठले महानिर्देशकलाई टेलिफोनमा भनिन् ।

मन्त्री श्रेष्ठले कास्की मात्रै हैन् अन्य जिल्लाको मालपोत तथा नापी कार्यालयहरुको अवस्था र समस्याका विषयमा अध्ययन गरि रिपोर्ट पेश गर्न निर्देशन दिईन् । मालपोत र नापी कार्यालयहरुमा सेटिङमा हुने अनियमितताको जालो आफ्नो नेतृत्वमा न्युनीकरण गर्ने उनले बताईन् ।

## सगरमाथा....

माध्यमबाट नेपालको पहिचानलाई अन्तर्राष्ट्रिय जगतमा प्रवर्द्धन गर्न उपयोगी हुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सगरमाथा संसारको उच्च शिर भएकाले सगरमाथामा हुने हरेक गतिविधिहरू राष्ट्रिय अन्तर्राष्ट्रिय मिडियाले सम्प्रेषण गर्ने भएकाले ७० वर्षे प्लाटिनम जुब्लीले पर्यटनमा केही न केही हलचल ल्याउनेमा विश्वास छ ।"

नेपालमा सर्वोच्च शिखर सगरमाथासहित ८ हजार मिटर अग्ला आठ वटा हिमाल नेपालमा छन् । हालसम्म करिब सात हजार स्वदेशी तथा विदेशी पर्वतारोहीले सर्वोच्च शिखरको आरोहण पूरा गरिसकेका छन् । सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँनयाँ कीर्तिमान समेत थप्दै आएका छन् । कामीरिता शेर्पाले २६ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाउनुभएको छ । उहाँ वसन्त ऋतुको यो सिजनमा पनि आफ्नै कीर्तिमान तोड्न सगरमाथा आरोहणमा निस्कनुभएको छ ।

पर्यटन विभागका अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजील्याण्डका सर एडमण्ड हिलारीले आरोहण शुरु गरेयता हालसम्म करिब सात हजार आरोहीले सगरमाथाको सफल आरोहण गरेका छन् । सन् २०२१ र २०२२ को संख्या जोड्दा आठ हजार बढीले सगरमाथा आरोहण गरेका हुन् ।

सन् १९७५ मे १६ तारिखका दिन जापानी आरोही जुनको ताबेईले सगरमाथा आरोहण गरेर पहिलो महिला सगरमाथा आरोहीको उपमा पाउनु भएको थियो । पासाङ ल्हामु शेर्पा सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुनुहुन्छ । एक तथ्याङ्क अनुसार हालसम्म तीनसय भन्दा बढी आरोहीले सगरमाथाको आरोहणका क्रममा ज्यान गुमाएका छन् ।

सन् २०२३ को वसन्त ऋतुको आरोहण पनि उत्साहवर्द्धक हुने अनुमान गरिएको छ । पर्यटन विभागका महानिर्देशक होमप्रसाद लुइटेल यो वर्ष उल्लेख्य सङ्ख्यामा आरोही आउने विश्वास छ । एनएमएका महासचिव मोहन लम्साल पनि यो सिजनको सगरमाथा आरोहण उत्साहवर्द्धक हुने बताउनुभयो ।

सेभेन समिट ट्रेक्सका अध्यक्ष मिङमा शेर्पाले पनि वसन्त ऋतुको सगरमाथा आरोहण राम्रो हुने सङ्केत देखिएको बताउनुभयो । शेर्पाको कम्पनीबाट मात्रै अहिले ८० भन्दा बढी आरोही सगरमाथा आरोहणको तयारीमा छन् ।

विभागको पर्वतारोहण शाखाका अनुसार वसन्त ऋतुको सगरमाथा आरोहणका लागि यस वर्षको यस सिजनमा मात्रै २० आरोही समूहका एक सय ९७ जनाले सगरमाथाआरोहण अनुमति लिएका छन् । यद्यपि, वसन्त ऋतुको सगरमाथा आरोहणको सँघारमा आधार बिविर माथितिर भएको हिम पहिरोको घटनाले आरोहणलाई प्रभावित तुल्याउने होकी भन्ने पर्वतारोहीमा चिन्ता थपिएको छ ।

चालु वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि बाटो निर्माण गर्न आवश्यक सामग्री पुर्‍याउने क्रममा आधार शिविरदेखि माथि क्याम्प(१ को बीचमा 'आइसफल' क्षेत्रको दाम भन्ने स्थानमा गत चैत २९ गते बिहान हिउँको ढिस्कोले पुरिएर दाछिरी शेर्पा, पेम्बा तेन्जिङ शेर्पा र लाक्पा रीता शेर्पा बेपत्ता भएका छन् । उनीहरूका खोजीकार्य जारी रहेको जनाइएको छ ।

"यो सिजनको सगरमाथा आरोहण ठीकै होला, तर, आरोहणको शुरुमै तीन आरोही हिम पहिरोमा परी बेपत्ता भएको घटनाले आरोहणलाई झस्काएको छ", एनएमका पूर्वअध्यक्ष शेर्पाले भन्नुभयो ।

उहाँका अनुसार जलवायु परिवर्तनले विश्वतापमान वृद्धि भएकाले हिमालमा ढिलोगरी हिउँ पर्ने भएकाले हिमाल आरोहणका सिजनमा पनि परिवर्तन भइरहेको छ । सन् २०७० देखि ८० सम्म सगरमाथा आरोहण शरद ऋतुमा उपयुक्त मानिन्थ्यो । पछिल्लो पटक वसन्त ऋतुमा सगरमाथा आरोहण सर्वाधिक हुने गरेको छ ।

शेर्पाको भनाइमा शरद ऋतुमा आठ हजार मिटर अग्ला हिमालमा तीव्र गतिमा हावा चल्ने भएकाले आरोहण कठिन हुन्छ । सगरमाथा, कन्चनजङ्गा, ल्होत्से र मकालु हिमाल आरोहण गर्न कठिन हुन्छ । चोयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण हिमाल आरोहणका लागि दुवै सिजन आरोहणका लागि सहज हुन्छ । नेपालमा हाल पाँच हजार आठ सय मिटरभन्दा अग्ला चार सय तीन हिमाल आरोहणका लागि खुल्ला गरिएको छ ।

## जिब्रो....

भएका २७ वर्षीय सुजन श्रेष्ठ । उहाँ सबै देवीदेवताको मन्दिरमा पुगेर पूजा गर्दै आइपुगे । सुजनको आगमनसँगै बोडेका बासिन्दाले जयजयकार गरे । पाँचो गणेशको दक्षिण फर्केको पाटीमा बनाइएको मञ्चमा सुजन उक्लिएपछि लगातर यसअघि १२ पटक जिब्रो छेडाइसक्नु भएका कर्मीनाय कृष्णचन्द्र वाग श्रेष्ठ, नाय पमाः जलकृष्ण पिला श्रेष्ठ, अर्का पमा माइला भासिको श्रेष्ठ, यसअघि आठ पटक जिब्रो छेडाउनु भएका जुजुभाई वाग श्रेष्ठ पनि मञ्चमा उक्लिए । सुजनका ठूलो बुबा कर्मीनाय कृष्णचन्द्रले वरिपरी अक्षता फूल छर्किएर देवीदेवतालाई सम्झदै धूप बत्ती बालेपछि एक महिनाअघि तयार पारी तेलमा डुबाइराखेको १० इन्च लामो फलामको सुइरोले हजारौं मानिसकै अगाडि वागश्रेष्ठ(सुजन)को जिब्रो छेडिदिनुभयो ।

त्यसपछि उहाँले सबैलाई नमस्कार र अभिभावदन गरेपछि चन्द्राकारको भ्याय् अर्थात् महाद्वीप बोकेर निस्किए सुजन, सँगैसँगै बुद्धकृष्णले छोरा सुजनलाई अगाडि बढाइरहे । त्यसक्रममा जिब्रो छेडाएका अनुभवी जुजुभाइदेखि स्थानीय दीलकृष्ण प्रजापतिसमेतले पहिलो पटक जिब्रो छेडाएका सुजनसँगसँगै हिँडेर हौसला प्रदान गरिरहे । महाद्वीप बोकेर सुजनले करिब एक घण्टासम्म बोडेको टोलटोल घुमेर विभिन्न देवी देवताका मन्दिरको परिक्रमा गरे ।

त्यसपछि जयजयकार गर्दै मन्दिरमा महालक्ष्मीको खट ल्याइ पुऱ्याइयो । त्यसको केही क्षणपछि भाँगु टोलमा पुगेर महालक्ष्मी मन्दिरको पाँच पटक परिक्रमा गरेपछि महाद्वीपलाई मन्दिरस बाहिर राखेर सुजनभित्र प्रवेश गरेपछि जिब्रोको सुइरो निकालेर मन्दिरको भित्तामा रहेको काठमा ठोकियो । त्यसपछि जात्रा पनि सम्पन्न भयो र हजारौंको भीड विस्तारै तितरवितर लाग्यो । चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्राङ्गणमा लिङ्गो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर आज जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लाएर जिब्रो छेड्ने व्यक्तिले नाटचश्वरको पूजा गरेका थिए । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाए घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने मान्यता रहेको जुजुभाइ बताउनुहुन्छ । परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्रालाई लोप हुनबाट जोगाउन यसअघि नवौं पटक जिब्रो छेडेका बुद्धकृष्णकै कान्छो छोरा तयार भए र यसवर्ष पनि जात्राले निरन्तरता पायो । बुद्धकृष्ण भन्नुहुन्छ, "यो वर्ष सुजनले जिब्रो छेडायो, अर्को वर्ष पनि जिब्रो छेडेर जात्रालाई नियमित सञ्चालन गर्न यहाँका युवा पुस्ता तयार हुनुपर्छ, यहाँको जात्रा यहीँको युवाले अब जोगाउने हो ।"

मध्यपुरथिमिका पूर्व नगर प्रमुख मदनसुन्दर श्रेष्ठले जिब्रो छेड्ने ठाउँ साँघुरो भएपछि जात्रालाई सहज बनाउन आफ्नो पालामा जग्गा खरिद गरेर नयाँ पाटी बनाएर ठाउँ फराकिलो बनाएको बताउनुभयो । जात्रालाई व्यवस्थित गर्न नगरपालिकाले आवश्यक सहयोग गर्दै आएको नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले बताउनुभयो । उहाँले मध्यपुरथिमिका जात्रा पर्वका लागि यसअघि गरिएको व्यवस्थालाई निरन्तरता दिएको बताउनुभयो ।

नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले यसवर्ष जात्रा हेर्नका लागि नेपाली कांग्रेसका सांसद दुर्लभ थापालगायतका विभिन्न नेताहरू तथा माओवादी केन्द्रका नेता आएको बताउनुभयो ।

जात्राको किम्बदन्ती अनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत(प्रेत, पिशाच, ख्याक तथा कइकालले बोडेका मानिसलाई धेरै दुःख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले थापेको पासोमा त्यसलाई पारेर कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिए बलेको महाद्वीप काठको गह्रुङ्गो भारी बोकाएर बोडे घुमाए । कष्ट सहन नसकी पिशाचले आफूलाई छाडिदिए जुनसुकै वाचा गर्न बताएपछि भीमदत्तले अब उप्रान्त बोडे देशमा दुःख नदिने, बोडेमा रोग, अनिकाल, अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुन नदिने, धर्मको चेष्टा बढाउने र बोडेवासीले भनेझैं सात वर्षसम्म सोही दिन जिब्रो छेड्न आउनुपर्ने वाचा गराई छाडिदिएको किंवदन्ती छ ।

एकरात सपनामा नीलबाराहीले आफ्नो द्वारपाललाई अपमानित गरेकाले भीमदत्तलाई बाँकी नराख्ने भनी आक्रोश व्यक्त गरेपछि पछुतो मान्दै भीमदत्तले जिब्रो छेड्नु अगाडि क्षमा पूजा गर्ने चलन चलाए । जुन अहिलेसम्म पनि कायमै छ । तर यो कथनलाई मान्न तयार छैनन्, बुद्धकृष्ण । उहाँ भन्नुहुन्छ, "यो जात्रा नील बाराही देवीको प्रतिष्ठासँग जोडिएको छ, जिब्रो छेड्ने व्यक्ति भूत, पिशाच कोही नभइ नील बाराहीका देव गण हुन् ।" जिब्रो छेड्ने व्यक्तिलाई ख्याक र राक्षससँग जोडेर भ्रम फैलाउन नहुने बताउनुहुन्छ । जिब्रो छेड्ने व्यक्ति ख्याक वा राक्षस होइनन्, देवगण हुन् भन्ने सबैलाई बुझाउनु जरुरी रहेको उहाँले बताउनुभयो ।

## टुवरा.....

टुवराहरु जस्ताले बोल्ने लवज, भाषाकै कारण कतिपय अवस्थामा जन्मदर्ता, नागरिकता र जग्गाधनी पुर्जामा नामथर, वतन फरक पर्ने, लोग्नेभन्दा स्वास्नी जेठी देखिने, बाबुआमाको भन्दा छोराछोरीको उमेर बढी देखिने समस्या आएको भेटिन्छ ।

# अन्तराष्ट्रिय समाचार

## पोल्यान्ड र हङ्गेरीमा युक्रेनबाट हुने खाद्यान्न आयातमा प्रतिबन्ध

पोल्यान्ड र हङ्गेरीले युक्रेनबाट हुने खाद्यान्न आयातमा प्रतिबन्धको घोषणा गरेका छन् । युक्रेनी अन्न सस्तोमै बेचिन थालेपछि आफ्नो स्थानीय कृषि उत्पादनको रक्षा गर्न भन्दै दुई देशले खाद्यान्न आयातमा प्रतिबन्धको घोषणा गरेका रोयटर्सले जनाएको छ । रुसको आक्रमणले ब्ल्याक सी का केही बन्दरगाह बन्द भएपछि ठूलो मात्रामा युक्रेनी अन्न युरोपेली बजारमा बिक्री भइरहेको छ । युक्रेनको अन्न युरोपेली सङ्घ (ईयू) मा सबैभन्दा सस्तो छ । युक्रेनी अन्नले बजार पाउँदा आफ्नो देशमा उत्पादन घटेको पोल्यान्ड र हङ्गेरीको भनाइ छ ।

तर ईयूले सदस्य राष्ट्रहरूको यस किसिमको एकपक्षीय कदम अस्वीकार्य भएको भन्दै विरोध गरेको रोयटर्सले उल्लेख गरेको छ । पोल्यान्ड सरकारका प्रवक्ता पिओटर मुलरले युक्रेनी अन्न प्रतिबन्धबारेमा ईयूसँग सम्पर्कमा रहेको र छलफलबाट समाधान खोज्ने बताउनुभयो ।

पोल्यान्ड र हङ्गेरी न्यायिक स्वतन्त्रता, मिडिया स्वतन्त्रता अधिकारलगायत मुद्दामा ईयूसँग लामो समयदेखि विवादमा छन् ।

## सुडानका महत्त्वपूर्ण ठाउँमा कब्जा गरेको अर्धसैनिक बलको दाबी

सुडानमा सेना र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स आरएसएफबीचको सङ्घर्ष थप चर्किएको छ । दुवै पक्षले हिजो राजधानी खार्तुम सहरका मुख्य सडक बन्द गरेका थिए । दुई पक्षको लडाइँमा परेर अहिलेसम्म ५० जनाभन्दा धेरैको ज्यान गएको छ । एक हजारभन्दा धेरै जना घाइते भएका छन् । अर्धसैनिक बलले राष्ट्रपतिको कार्यालय, खार्तुम विमानस्थल, सरकारी टेलिभिजन र अन्य महत्त्वपूर्ण ठाउँ आफूले कब्जामा लिएको दाबी गरेको छ । खार्तुमका सुनसान सडकमा लगातार विस्फोट र बन्दुक पड्कको आवाज सुनिएको बीबीसीले जनाएको छ ।

सरकारी सेनाले अर्धसैनिक बललाई रोक्न हवाई आक्रमण गरिरहेको जनाएको छ । खार्तुमका नागरिकले आफूहरु कहींकतै सुरक्षित नरहेको बताएका छन् । सुडानको सेनाले नागरिकलाई घरभित्रै बस्न आह्वान गरेको छ । तर, यस्तो आह्वानले मात्रै आफूहरु सुरक्षित नहुने नागरिकले बताएका छन् । सुडानमा भइरहेको लडाइँमा संयुक्त राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्यू.एफ.पी) का तीन जना कर्मचारीको समेत ज्यान गएको छ । आफ्ना कर्मचारीको ज्यान गएपछि डब्ल्यू.एफ.पी ले तत्कालका लागि सुडानमा आफ्ना सबै कार्यक्रम स्थगित गरेको बताएको बीबीसीले जनाएको छ ।

## अमेरिकाको अलबामामा जन्मदिनको पार्टीमा गोली चल्दा चार जनाको ज्यान गयो, २८ जना घाइते

अमेरिकाको अलबामामा जन्मदिनको पार्टी भइरहेका बेला गोली चल्दा चार जनाको ज्यान गएको छ । २८ जना घाइते भएका छन् । डाडेभिल सहरमा एक किशोरको जन्मदिन मनाइरहेका बेला गोली चलेको बीबीसीले जनाएको छ ।

घटनास्थललाई प्रहरीले घेराबन्दी गरेको छ । घटनाको थप विवरण आउन बाँकी छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले घटनाको भर्त्सना गर्नु भएको छ । कही वर्षयता अमेरिकाका विभिन्न सहरमा गोलीकाण्ड बढ्दै गएको छ ।

## सुडानमा सेना र अर्धसैनिक बलबीचको लडाइँमा ५६ जनाको मृत्यु

सुडानमा शनिवारदेखि चलिरहेको लडाइँमा परि अहिलेसम्म ५६ जनाको ज्यान गएको छ । सेना र अर्धसैनिक बल (आरएसएफ) बीच भएको लडाइँमा अरू छ सय जना घाइते भएका बीबीसी हिन्दीले जनाएको छ । राजधानी खार्तुममा राष्ट्रपतिको कार्यालय, सरकारी टेलिभिजन र सेनाको मुख्यालयमा आक्रमण भएको छ । डार्फर क्षेत्र लगायतमा पनि लडाइँ चलिरहेको छ । राजधानी खार्तुम सहरको आकाश धुवाँले भरिएको छ । सुडानको सेनाले नागरिकलाई घरभित्रै बस्न आह्वान गरेको छ । सुडानमा नागरिक शासनबारेको प्रस्तावित सङ्क्रमणको अवस्थाको विषयमा विवाद रहेको छ । सन् २०२१ को अक्टोबरमा भएको एउटा विद्रोहपछि सुडानमा सैन्य जनरलहरूले सार्वभौम परिषद् भनिने संयन्त्र बनाएर राज्य सञ्चालन गर्दै आएका छन् । नागरिक नेतृत्वको सरकारको प्रस्तावमा आरएसएफलाई राष्ट्रिय सेनामा समायोजन गर्ने तालिका बनाएको छ ।

आरएसएफले समायोजन १० वर्षपछि गर्न चाहे पनि सेनाले दुई वर्षभित्र सक्नुपर्नेमा जोड दिएपछि तनाव बढेको बीबीसीले जनाएको छ । प्रस्तावित नागरिक सरकारमा एकीकृत सेनाको नेतृत्व कसले गर्ने भन्ने कुरामा पनि सेना र आरएसएफबीच विवाद छ ।

## फ्रान्स सरकारले व्यापक विरोधकाबीच निवृत्तिभरणको उमेर दुई वर्ष बढायो

फ्रान्समा सरकारले व्यापक विरोधकाबीच निवृत्तिभरण प्राप्तिको उमेर बढाएको छ । निवृत्तिभरण प्राप्तिको उमेर वृद्धिसम्बन्धी कानुनमा राष्ट्रपति इमानुएल म्याक्रोंले हस्ताक्षर गरेसँगै निवृत्तिभरण पाउने उमेर दुई वर्ष बढेको एएफपीले जनाएको छ । नयाँ व्यवस्था आउँदो सेप्टेम्बरदेखि लागू हुनेछ । देशको शीर्ष संवैधानिक परिषद्ले पेन्सन पाउने उमेर ६४ वर्ष हुनुपर्ने प्रस्तावित कानुनलाई अनुमोदन गरेको केही घण्टामै राष्ट्रपतिले त्यसमा हस्ताक्षर गर्नुभएको हो । निवृत्तिभरण प्राप्तिको उमेरलाई ६२ वर्षबाट बढाएर ६४ वर्ष कायम गरिएको छ ।

राष्ट्रपति म्याक्रोंले विद्यमान निवृत्तिभरण प्रणालीलाई ध्वस्त हुनबाट जोगाउन सुधार गरिएको बताउनुभएको छ । परिषद्ले जनमत सङ्ग्रहका लागि विपक्षीबाट भएको मागलाई अस्वीकार गरेको छ । परिषद्को निर्णयप्रति असहमति जनाउँदै प्रदर्शनकारीले आगो बालेर विरोध गरेका छन् । प्रहरीले एक सय १२ जनालाई पक्राउ गरेको छ । पेन्सन सुधार योजनाविरुद्ध देशका विभिन्न भागमा १२ दिनसम्म प्रदर्शन भएका थिए । कर्मचारी युनियनहरूले विरोधका कार्यक्रमलाई निरन्तरता दिने बताउँदै यही मे १ अर्थात् मजदुर दिवसका दिन सडकमा आउन मजदुरहरूलाई आह्वान गरेका छन् ।

# नेपाली लोकगीतको संकलनको सन्दर्भमा लोककलाकार नरेन्द्र गुरूङ

**नवीन पौड्याल**

१. विषय प्रवेश

भारतबाट पनि नेपाली लोकसाहित्य र लोकवार्ताको सङ्कलन, प्रकाशन, अध्ययन कार्य भएको छ । यहाँबाट पनि धेरैजना लोकगीत गायक सङ्कलन आदि रहेका छन्। नेपाली लोकसङ्गीत सम्वृद्ध विस्तृत व्यापक छ । नेपाली साहित्यमा लोकसाहित्यिकहरूको उपस्थिति पनि उल्लेखनीय पाइन्छ । नेपाल र भारतका विभिन्न प्रान्तमा नेपाली समाजमा लोकसाहित्यिक सामाग्रीहरू फस्टिएको पाइन्छ । त्यसमा पनि लोकगीत प्रमुख रूपमा फस्टिएको पाइन्छ । आफ्नो आफ्नो ठाउँको परिवेशअनुसार नेपाली लोकगीतको सिर्जित भएका हुन्छन्। आफ्नो आफ्नो भौगोलिक, सामाजिक भाषिक परिवेश, अनुसारको लोकगीतादिको सिर्जना हुन्छ। दार्जिलिङको चियाकमान, कालिम्पोङको गाउँ बस्ती, सिक्किमका गाउँ-घर, असमको गाई-गोठ र धन-खेत आदि ठाउँतिर पनि कतिपय गीत सिर्जना भएका हुन्छन् । तिनको यथोचित सङ्कलन र अध्ययन गर्नपर्ने आवश्यकता पर्दछ । यहाँका नेपाली लोकगीतमा स्थानीय लोकगीतको प्रभाव, लय आदि पन मिसन सक्छन् । हाम्रो जातैपछिका लोकगीतहरू पनि अध्ययन गर्न सकिन्छ ।

३. नरेन्द्र गुरूङ - परिचय

नरेन्द्र गुरूङको जन्म २१ जनवरी, ज्ञ९५७ मा पश्चिम सिकिकमको च्याखुङमा भएको हो । उनको घरको सानै उमेरदेखि नै लोकगीत लोकसङ्गीतको परिवेश पाए थिए। उनी सिक्किम सरकारको सांस्कृतिक विभागबाट वरिष्ठ तालिम अधिकारी भएर सेवानिवृत्त भएका छन् । उनले आफ्नो जीवनको अधिकांश भाग नेपाली लोकसङ्गीतको संरक्षण, संवर्द्धनका निम्ति नै समर्पित गरेका छन् । उनले नोपाली लोकसङ्गीतको सर्वेक्षण अध्ययन अनुसन्धान गरेका छन्। उनको पेशा नै लोकसङ्गीतको अध्ययन, सङ्कलन, गायन, संवद्धन रह्यो । उनी नेपाली लोकगीतका एक प्रखर संकलक र गायक कलाकार हुन् ।

उनले सिक्किम, दार्जिलिङ, नेपालतिरका गाउँ बस्ती घुमी घुमी २७-२८ किसिमका कृषिजन्य श्रमगीत, बिहेबटुलोतिर र अय बेलाको पर्वगीत आदिको संकलन र संरक्षण गरेका छन् । उनले आफुले संकलन गरेका लोकगीतादिलाई आकाशवाणी गान्तोकमा लगभग तीनसयवटा जति नेपाली लोकगीतहरू संकलन र गायन रेकर्ड गरेका छन् । उनले नेपाल र सिक्किमतिर प्रचलित नेपाली लोकगीतहरूको संकलन गरी पुस्तकाकार रूपमा प्रकाशनको तयारी रहेको र निकट भविष्यमा यो प्रकाशित हुनेछ भन्ने जानकारी पाइन्छ ।

उनको जीवनको अधिकांश भाग नै नेपाली लोकसङ्गीतको संवर्द्धन र प्रवर्द्धनमा बितिरहेको छ । उनी गाउँ घर घुमीघुमी नेपाली लोकसामग्रीको खोजी, अध्ययन, सङ्कलन गर्दछन् । उनी लोकगीतमा डुबेका छन् । उनले नेपाली लोकगीतलाई सङ्कलन गरेर सम्पादन गरी तिनलाई लिपिबद्ध पनि गरेका छन् । तिनलाई रेकर्ड गरेर अल्बम पनि निकालेका छन् । पाठकलाई नेपाली लोकगीतलाई गाएर, लेखेर, बोलेर प्रस्तुत गर्दछन् । उनी आफै एक गीतकार, कुशल गायक, नृत्यकार, लोकवाद्यवादक र लोककला समीक्षक हुन् । उनी सिक्किम सरकारको सांस्कृतिक मामिला एवम् धरोहर विभागमा कर्मचारी रही सेवानिवृत्ति भइसकेका छन् । उनले भारतका विभिन्न राज्यका शहर-गाउँतिर आफ्नो लोकनृत्य र गायन प्रदर्शन गरिसकेका छन् । यसबाहेक उनी र उनको लोककलाकार समूहले अमेरिका, दक्षिण अमेरिका अफ्रिका आदि देशहरूमा आफ्नो नेपाली कला देखाएर समृद्ध नेपाली लोकसंगीतको परिचय दिएका छन् । यसैगरी भारतको सरकारी आयोजनमा रहेका गणतन्त्र दिवसको उपलक्ष्यमा दिल्लीमा सातपल्ट सिक्किमेली सांस्कृतिक झाँकीको नेतृत्व गरेका छन् । अन्डमान निकोबार द्वीपपुञ्जमा अनुष्ठित हुने गरेको द्वीप महोत्सवमा पनि चारपल्ट नेपाली लोकसांस्कृतिक कार्यक्रम सम्पन्न गरेका छन्। यसैगरी दिल्ली, हैदरावाद, इलाहावाद, शिलाङ आदितिर सम्पन्न हुने लोकतरङ्ग, कमनवेल्थ खेलकुद दक्षिण एशियाली आदितिर आफ्नो लोककला प्रदर्शन गरेका छन् । उनका निम्ति लोकगीत मनको बह हो, पहाडपर्वता गाथा, कृषिकार्यसित आबद्ध जनसाधारणको जीवनशैली, समाजका मानिसहरूको अन्तर्मनको कथा र व्यथा, मौसमअनुसारको तितामिठा अनुभव र अनुभूतिको अभिव्यक्ति, हाम्रा संस्कार र संस्कृतिका आधारस्रोत हुन्। यही नै लोकसाहित्य हो ।

दार्जिलिङ सिक्किम असम आदि स्थानहरू नै नेपाली लोकगीतका स्थान हुन् जहाँबाट लोकगीतहरूको विकास भएको पाइन्छ । यसै क्रममा सिक्किमका नगेन्द्र गुरूङ पनि नेपाली लोकगीत सम्वर्द्धन र प्रवर्द्धन गर्न कम्मर कसेका छन् । उनी नेपाली लोकगीत, नृत्य र लोकसङ्गीतका अनुसन्धाता, सङ्कलक र स्वयम् कलाकार हुन्। उनी एक लोकसाहित्यका लेखक पनि हुन्। उनले हालसम्म नेपाली लोकगीत र लोकसङ्गीतसम्बन्धित दुईवटा पुस्तक प्रकाशित गरेका छन्- १. लोक दर्पणभित्र भञ्ज्याङका भाकाहरू (२०१७) र २. लोकायनमा बाँचेका नेपाली लोकगीत-सङ्गीत ( २०२१) । हालसम्म उनका तेह्रवटा लोकगीत अल्बम रेकर्ड गरेका छन्। रेली रेशम (१९९२, लोकगीत), एनी बरी लै लै (२०००, लोकगीत), केही भनूँ कि (२००३, आधुनिक) रानी रूमालमा (२००४, लोकगीत), स्पन्दन (२००५, आधुनिक), मालश्री (२००६, लोकगीत), असारे बेठी (२००७, लोकगीत), साँझको तारा (२००८, आधुनिक गीत), मिलनको चिनो ( २००९, आधुनिकगीत), सुन्दर शहर नाम्ची (२०११, दोहोरी लोकगीत), आकांक्षा (२०१२, आधुनिकगीत), नैना रेशम (२०१५, लोकगीत) बेनीको बजार (२०१५, लोकगीत) । उनका तेह्रवटा गीत अल्बममा आंशिक रूपमा सङ्गीत भरेका छन् ।

नरेन्द्र गुरूङ जन्मजात कलाकार हुन्। उनको घर परिवारको पृष्ठभूमि नै लोकसङ्गीतसित सम्बद्ध छ । उनी जन्मेको हुर्केको घरमा नै लोकगीत-सङ्गीतको परिवेश थियो । बालकैमा घरमा लोकगीत-सङ्गीत सुन्ने परिवेश र अवसर पाएका थिए । आफ्नै घर नै लोकगीतको थलो थियो, बाजे र मामाहरू नै लोककलाकार लोक संगीतको पार्खी र प्रेमी थिए। दैनिक रूपमा नै लोकगीतको साधना र संगत हुन्थ्यो । यसरी सानैदेखि नै लोकगीत संगीतमा भिज्न सकेका नरेन्द्रले यसैलाई आफ्नो जीवनको आधार बनाए, आफ्नो छुट्टै परिचय बनाए, सिक्किमलाई चिनाए ।

३. पुस्तक चर्चा

नरेन्द्र गुरूङको अघिल्लो पुस्तक 'लोक दर्पणभित्र भञ्ज्याङका भाकाहरूमा' उनका लोकगीत अल्बमभित्रका लोकगीतहरूका लिखित रूपमा प्रस्तुत गरिएको छ । यसमा आफना लोकगीत अलबमका गीतहरूको लिपिबद्ध गरिएको छ । उनले सिक्किमका विभिन्न गाउँ बस्ती घुमिघुमि लोकगीतको सङ्कलन गरेको छन् । गाउँबस्ती घुमेर त्यहाँका स्थानीय लोकगीत जान्ने बुढा युवा आदिलाई भेटेर सोधेर लय र भाका टिप्दछन् । यसमा नेपाल सिक्किम दार्जिलिङ आदि स्थानतिर स्रोत स्थल र व्यक्तिहरूबाट नै मूल लोकगीत सङ्कलन प्रस्तुत गरिएको छ । प्रस्तुत पुस्तकमा गहन अध्ययन, सर्वेक्षण र सङ्कलन गरिएको छ । यसमा रहेका गीतहरूको अध्ययन गर्दा हाम्रो इतिहास, सामाजिक, आर्थिक सांस्कृतिक अवस्थाबारे धेरै जानकारी पाउँदछौं। यो पुस्तक मूलतः अल्बमभित्र र गीति अल्बमदेखि बाहिरका गीतहरूको संकलन हो । यसभित्र रेली रेशम, एनी बरि लै लै, रानी रूमालमा, असारे बेठी, नैना रेसम, बेनी बजार गरी छवटा लोकगीत अल्बम र अन्य लोकगीतहरू संकलित छन् । यसमा रहेका लोकगीतहरू हुन- उँधैलाई हेरूँ निरह, सालघारीको डाँड़े डाँड़ामा, छड्के टोपी, माथि है बाट, पहेमलै पाक्यो, ए आमा, तीनतले घरको, बनको चरी उड्यो, वनको चरी उड्यो, जलै खेल्ने जलेवा, हिमचुली हिमालमा, उडेर आयो धानचरी, सालीज्यू जालीज्यू, बाँसै काटी चोया, सुन्तले भिरैको, मङ्सिरको महिना, भेँडीगोठको गीत, गैरी खेत क्या राम्रो, टुप्पै काटी मालिङ्गो, उकाली ज्यानको, काठै राम्रो श्रीखण्ड, घर कहाँ हो, उँभो उँभो सैलुङ, उँधै लाग्यो कालीगह्गा, पूर्वैको आकाशैमा, धानको रोपाइँ, पृथ्वी माता, माङ्सिलाको खेतैमा, पूर्वैको बतास, अनउ र फ्याउरी, छेउ र भित्ता, पानी है पर्‍यो नि लै, सुनैखानी कुलेखानी, दर्पण छाँयालाई, सानुमा सानु नी, आकाशै ज्यानको, भेटघाट हाम्रो, छक्क छक्क आइपुग्यो रेल, निरधुनी मादलैको, सैलुङे डाँड़ा, घुम्न जाउँला, धरती हाम्रो, सेलो, नयाँ सारे बिरूवा, नौमती धुनमा, चल्यो हजुर, मारूनी, भैरूङ्पाती फूलपाती, पानीको धारामा भेटेको, पशुपति धामको, आकाशै ज्यानको, उँभो हेरुँ ए लै लै, आयो आयो रेलीमाइ, न्याउली गाउँदा, रूख सुक्यो सर्लङ्गै, देउराली डाँड़ा, हातै चुरा हातैमा, मधेसैको लाछा डोरी, ए साथी, गाइने गीत, छड्के पानी यो छाता चुड्काए हो, ए हो गुराँसे डाँड़ा, त्यो गाउँ मेरो, कस्तीका लाटी दिदै, खाउँ कि नखाउँ सुरती, र्‍याइँ र्‍याइँ र्‍याइँ र्‍याइँ, जाउँ कहाँ, शिकार खेल्ने शिकारीको, उँधो जाँदा देखेथेँ, खान लाउन, मैले देखेको नी लै लै, नजाउँ नजाउँ झन झन माया, गुयाँलाको फूल सुक्यो, डैँ काचुँ कि लै लै, स्वामीज्यूले पठाको, चुड्का, दोलखे, भीर मौरी बस्छ, चप्लेंटी ढुङ्गा चौतारा, आम्मैले होय आम्मैले, कोरीबाटी चुलठी, गुराँसे डाँड़ा, सिङलिङ बस्थी शिरखोला, उठ मेरी मारूना. खोली खोलैमा , देउराली डाँड़ा बाटैमा पर्ला, बाँसै र काटी, चुड्का, मनै रमाइलो, उँभै त हेरूँ, नौमती, ऐ गुणी बैगुणी, दैउराली डाँड़ैमा भेटेको, डम्फूको सेरो सेरोफेरो, ए हो जीवन मेरो, हिउँदे बाली लाउँला, कुन फूल फुल्यो, हिउँ पर्‍यो, मारूनी शृङ्गार्ने, बिहानै उठी, सइला हजुर, तिरिरि तिरिरि गरी जम्मा एक सय तीनवटा जति गीतहरूको शब्द प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित शीर्षकहरूले नै हाम्रो जीवनशैली, भूगोल, स्वभाव, धार्मिक विश्वास, लोकरीति आदि झल्काइरहेका छन् । यहाँ डाँड़ा, देउराली डाँड़ा, पानी परेको बिम्ब, खेतबाली, पहाड़का उँधो र उँभो, सैलुङे डाँड़ा, खोला, गुयाँलाको फूल, गाउँ, बतास जस्ता भौगोलिक परिवेश झल्काएका छन् । रोपाइँ, दाइँ, घुम्न जाने, डाँड़ा काट्नु आदि जस्ता हाम्रा कर्म झल्किएका छन् । डम्फू, सारङ्गी, चुड्का, मारूनी, दोलखे, सेलो, विरहिनी, समला, सेलो, मादले गीत आदि जस्ता लोकगीतहरू झल्काएका छन् ।

उनको केही समयअघि प्रकाशित पुस्तक लोकायनमा बाँचेका नेपाली लोकगीत-सङ्गीत (२०२१) नेपाली लोकसाहित्यको अध्ययनमा एक माइलखुट्टी सावित भएको छ। यसभित्र डा मोहन पी दाहाल, शान्ति ठटाल र अनिता निरौलाका भूमिकाले यसको विशेषता र महत्त्व दर्साएको छ । यस पुस्तकभित्र 'लोक संस्कृतिका बुँदाटिपोटहरू', 'लोकगीत-सङ्गीत र लोकनाच', 'म र मेरो पर्खाइमा भैलेनीको एक रात', 'लोकगीत र सङ्गीतको मुटु हो मादल', 'पीड़ामा बाँचेका घँसिया गीत', 'चर्कने घामको दर्कने पानी', 'नाचहरूको श्रीपेच हो मारूनी', 'असारे रोपाइँ मङ्सीरे दाइ', 'हाम्रा सङ्गिनी र रत्यौली', 'संस्कार ज्वलन्त उदाहरण हो सिलोक', 'हाम्रो लोकगीतहरूमा मङ्सिर महिनाको महत्व', 'हाम्रा लोकभाकाहरू', 'हाम्रा लोकगीतमा लोक शब्दहरू' जस्ता लेखहरू रहेका छन्। यसरी हेर्दा यसमा भैलेनी, मादल, घँसिया गीत, मारूनी, असारे गीत, सङ्गिनी, रत्यौली, लोकभाका, लोकगीतका प्रकारहरू, लोकशब्द आदिबारे अध्ययन गरिएको छ। लेखक आफैं एक लोकगायक हुनाको साथै एक अन्वेषकका रूपमा प्रस्तुत छन् ।

यसमा नेपाली कर्मगीत र पर्वगीत दुवै किसिमका गीतबारे अध्ययन प्रस्तुत गरिएको छ। यस पुस्तकमा मूलतः तीन प्रकारका कथ्य प्रस्तुति गरिएको छ- १. गीतको वस्तुनिष्ठ व्याख्या, सूचनामूलकता र भावुकता। लेखक नेपाली लोकगीत र सङ्गीतका माधुर्य, विशेषता, गहिराइको परख गरेका छन्, जानेका छन्, बुझेका छन् । यसमा प्रत्येक किसिमका लोकगीतबारे गहन अध्ययन गरिएको छ । यसमा गीतका स्रोतसम्म पुगेर तिनका विभिन्न पक्ष केलाएका छन् ।

अर्कातिर लेखैपिच्छे लेखक भावुक भएर हाम्रा यी लोकगीतहरू अब विस्तृतिको गर्तमा जाँदै गरेको, अहिले भौतिकवादी, आडम्बरी प्रवृत्तिबारे चिन्ता र क्षोभ व्यक्त गर्दछन्। यसमा गीतसित गीत सिर्जनाको भौगोलिक, सामाजिक, आर्थिक पृष्ठभूमिलाई पनि केलाइको छ। ऋतुअनुसारको पर्व मनाइदा त्यही मनस्थितिअनुरूपको गीतको सिर्जना भएको पाइन्छ। दाइँगीत, असारे गीत, मंसिरे गीत, धाननाच, आदिका गीतलाई शब्दहरूलाई प्रस्तुत गरिएको छ ।

यसमा केही लोकगीतको स्वरलिपि पनि गरिएको छ। यसमा नरेन्द्र रूङले संसकलन र सिर्जना गरेका तेह्रवटा लोकगीतलाई दार्जिलिङका अजनीश राई र सिक्किमका मनोज राईले स्वरलिपिलाई लिपिबद्ध गरेका हुन्। यसरी हेर्दा नरेन्द्र गुरूङ हाम्रा एक निस्वार्थ व्यक्ति, प्रतिभाशाली व्यक्तित्व, कलाकार र एक गम्भीर अनुसन्धाता र अध्येता हुन्। उनको लोकगीतको अध्ययनको काम अझै कायम रहोस्, उनको जोस् जाँगर नसेलाओस्, उनीबाट हाम्रो जातिले अझै लाभान्वित बन्न सकोस् भन्दै उनको सुस्वस्थ्य र दीर्घायुको कामना गर्दछु ।

# साहित्यकार भट्टराईलाई राष्ट्रिय प्रतिभा सम्मान

विराटनगर । साहित्यकार प्राध्यापक डाक्टर गोविन्दराज भट्टराईलाई राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिएको छ । सिएम कन्दङ्वा स्मृति कोष मोरङले २०७९ सालको राष्ट्रिय प्रतिभा सम्मान साहित्यकार भट्टराईलाई प्रदान गरेको हो ।



बुधबार एभरेष्ट अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले सम्मान पत्र प्रदान गरे । भट्टराईलाई एक लाख एक हजार नगदसहित सम्मान गरिएको हो ।

सोही कार्यक्रमा युवा प्रतिभा सम्मान २०७९ संगीतकार अनिल फागोलाई प्रदान गरिएको छ । उनलाई ५१ हजार राशीसहित युवा सम्मान प्रदान गरिएको हो । स्मृति कोषबाट नै स्थापित शुशीला कन्दङ्वा युवा पत्रकारिता पुरस्कार पत्रकार अर्जुन जम्नेली राईलाई प्रदान गरिएको छ । राईलाई प्रदान गरिएको पुरस्कारको राशि ११ हजार छ ।

# 'टुवरा' एक निमुखा किसानको कथा

**प्रकृति प्रेमी**

टुवरा (२०७९) मनोज थारू अज्ञातद्वारा लिखित उपन्यास हो । पश्चिम चितवनको रमणीय गाउँ शुक्रनगरका स्थायी बासिन्दा मनोज पेशाले शिक्षक हुन् । साथै कुशल चित्रकार एवं पत्रकार समेत हुन् । उनको २०७५ मा प्रकाशित पहिलो उपन्यास टुकीले पाठकहरूको गज्जब प्रतिक्रिया बटुलेको थियो । झोरी उनको चर्चित कथा हो । आफ्नो समुदायको भाषा, कला, संस्कृति र इतिहासका विषयवस्तुहरू माथि गहिरो अध्ययन गरेर सिर्जनामा रमाउँछन् मनोज । टुवरा थारू भाषाबाट लिइएको शब्द हो, जसको शाब्दिक अर्थ टुहुरो भन्ने जनाउँछ । यो एक निमुखा किसानको कथा हो अर्थात् भूँइमान्छेको कथा । यसभित्र समेटिएका केही पक्षहरुमाथि पंक्तिकारबाट सामान्य दृष्टिगोचर गर्ने प्रयास भएको छ । गरिबी नै भूँइमान्छेहरु माथि उठ्न नसक्नुको प्रमुख कारण हो । गरिबीले शिक्षा, स्वास्थ्य, गाँसबास, कपासलगायत मानव जीवनका लागि अपरिहार्य आधारभूत तत्त्वहरूमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । गरिबीकै कारण पतिया काका, उसकी जनी अनि छोरी केल्हिया मात्रै होइनन्, टुवरा र माइलाहरु पनि हरोहिया, खेतहरिया (हली, खेताला) बस्न बाध्य हुन्छन् । गरिबीकै कारण जेलनेल, शारीरिक मानसिक यातना भोग्नु परेको चित्रण उपन्यासमा पाइन्छ ।

षड्यन्त्र

हामीले पुराणमा पढ्दै आएका सत्य, त्रेता, द्वापर युगका कथाहरूमा मात्रै होइन, वर्तमान अवस्थामा पनि सत्ता, सम्पत्ति र आफ्नो वैभव, वर्चश्वका लागि छलकपट, षड्यन्त्र, हत्या हिंसा हुँदै आएको पाइन्छ ।

बाल्यावस्थादेखि नै हसुली गाउँस्थित मालिककोमा हरोहियाको रूपमा काम गरिरहेको टुवरालाई उसले गरेको मेहनत र संघर्ष देखेर खुसी भई अलिकति जग्गा दिने साथै बिहे गराइ दिएर घरगृहस्थी बसाइ दिने कुरा गर्छन् टुवराका मालिक । सोही अवसरमा मालिक, टुवरा, माइला र पतियाकाका मचानमा बसेर मोद (रक्सी) पिउँदै रमाइलो नाचगान गर्छन् । नाचगानपश्चात राती घर फर्कने क्रममा खेतमै टुवराको मालिकको रहस्यमय मृत्यु हुन्छ । घटना अझ बढी शङ्कास्पद लाग्छ, जब सोही रात मालिकका छोरा सहरबाट हसुली गाउँ सुटुक्क आएका हुन्छन् । आफूहरू निर्दोष हुँदाहुँदै पनि मालिक मारेको अभियोगमा पतिया काका, माइला र टुवरालाई प्रहरीले जेलमा कोचेर यातना दिन्छन् ।

उपन्यासको उत्तरार्द्धतिर चुरिया गाउँमा घरमुखिया आफ्नी श्रीमतीसहित कोठामा झुण्डिएको अवस्थामा भेटिनु पनि मुखियाको षड्यन्त्र हुन सक्छ । यस उपन्यासमा यसखाले रहस्यहरु प्रशस्तै छन्, जसले पाठकलाई जिज्ञासको भुमरीमा घेरेर राख्छ । यति मात्रै होइन, नेपालका वनजङ्गलमा विश्वकै अति दुर्लभ पशुपंक्षी, वन्यजन्तुहरु पाइन्छन् । खागको लागि गैंडा, छालाका लागि बाघभालु, दाह्रा ( दाँत), हाडका लागि हात्ती र मासुका लागि मृग, हरिणजस्ता जनावरहरुको चोरी सिकारी हुने गर्छ । अपराधी, तस्करहरु अन्य परिवेशका भएपनि निकुञ्ज र खोलाछेउ बस्ने थारू, बोटे, कुमाल, मुसहरजस्ता सिमान्तकृतहरु बिनाकसुर प्रहरी प्रशासनको निशानामा पर्छन् । यतिमात्र होइन, शारीरिक र मानसिक यातना पाउँछन् र जेलनेल भोग्न बाध्य हुन्छन् । टुवरा पनि यस्तै षड्यन्त्रको शिकार बन्छन्, क्रुर दुःख पाउँछन् । टुवराले यतिसम्म यातना पाउँछन् कि शारीरिक रूपमा अशक्त हुन पुग्छन् । साथै, मानसिक सन्तुलनसमेत गुमाउने मोडमा धकेलिन्छन् । पटक पटकको मृत्युतुल्य जिन्दगीबाट छुटकारा पाउन आफूलाई एकैपटक मारिदिन आग्रह गर्छन् ।

भाषाले निम्त्याएको समस्या

जातीय एवं भौगोलिक परिवेशका आधारमा कला, धर्म, संस्कृति साथसाथै भाषामा पनि विविधता पाइन्छ । कतिपय शब्दहरूको भिन्न भिन्न भाषाहरूमा फरक फरक अर्थ लाग्ने हुन सक्छन् । यसको उदाहरण समेटिएको छ, टुवरा, माइला र केल्हिया पात्रमा । गोठालोमा टुवरा र केल्हिया साँझपख घुंगी खोजेर माछा मारिवरी बौराहा खोलाछेउ प्रेमालापमा मग्न भई बसेका हुन्छन् । त्यसैबेला केल्हिया र टुवरालाई गैंडाले लखेट्छ । भाग्ने क्रममा उनीहरुको सुरक्षाकर्मीसँग जम्काभेट हुन्छ । सुरक्षाकर्मीका नजरमा टुवराले सुगा धपाउन लिएको गुदेली र जाल बुन्ने सुइरो, गैंडा मार्ने हतियार बनिदिन्छ । कता गएर आएका हौ भन्ने सुरक्षाकर्मीको प्रश्नमा टुवराले, 'उँ हामीले गैंडा मार्न आएथियो' भन्छ । जबकि गैंडाले उनीहरुलाई मार्न लखेटिरहेको थियो । यसरी टुवराको थारू लवजको जवाफलाई अनर्थ लगाइन्छ । माइला र टुवरा निर्घात कुटिन्छन्, केल्हिया बलात्कृत हुन्छे । यस घटनापछि केल्हियालाई उसका बाप महतारी (आमा बाबा) ले स्वीकार्दैनन् । ऊ टुवरासँगै गाउँ छोड्छे, अनि पुग्छन् चुरिया गाउँ । कथाको मध्यान्तरपछि उपन्यासको मोड रहस्यमय ढंगले बदलिन्छ । पाठकमा कौतुहलता बढाउँछ, जब माइलाले आफ्नो हक अधिकार प्राप्तिका लागि, पुरानो राज्य व्यवस्था बदल्नका लागि सशस्त्र युद्धमा होमिएको देखिन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# टाटाले उत्पादन गरेको नेक्सन साढे ५ वर्षमा ५ लाख विक्री

काठमाडौं । टाटा मोटरसले भारतीय बजारमा ५ लाख वटा नेक्सन विक्री वितरण सफल भएको जनाएको छ। कम्पनीको पुनास्थित रंजनगाव म्यानुफ्याक्चरिंग युनिटमा निर्मित यस गाडी सन् २०१७ बाट बजारमा ल्याइएको थियो। साढे पाँच वर्षको छोटो अवधिमै यसले उक्त सफलता हासिल गरेको कम्पनीले जारी गरेको नोटमा उल्लेख छ। कम्पनीका अनुसार "अझ उल्लेखनीय पक्ष भनेको ५ लाख मध्ये पछिका १ लाख केवल सात महिनामा विक्री भएको थियो।"




हालका वर्षहरुमा नेक्सन कम्पनीको निरन्तर बजारले रुचाएको मोडेल रुपमा स्थापित भएको छ। सन् २०२० मा फेसलिफ्टको आगमन पछि यसको वजार विस्तारले झन् तिब्र ढंगले अगाडि बढेको पाइन्छ।

नेक्सन १२०० सय सिसिको रेभोट्रन पेट्रोल इन्जिन र १५०० सिसिको रेभोटर्क डिजेल इन्जिन उपलब्ध छ। पहिलो प्रकारमा १२० हर्सपावर एवं १७० एनएमको पिक टर्कको क्षमता छ भने दोस्रो प्रकारमा १२० हर्सपावरको शक्ति एवं १७० एनएमको पिक टर्कको क्षमता छ। दुवैमा म्यानुएल ट्रान्समिसन स्ट्यानडर्डको रुपमा र सिक्स स्पिड एटिएमको रुपमा रहेको छ।

नेक्सन एसयुभीले मारुती सुजुकी ब्रेज्जा, ह्युनडाइ भेनु, किया सोनेट, महिन्द्रा एक्सयुभी ३०० , निसान म्याग्नाइट र रेनल्ट किगरसँग सशक्त ढंगले प्रतिस्पर्धा गरिरहेको छ। यसमा टचस्क्रिन सिस्टम, सेमी डिजिटल इन्स्ट्रुमेन्ट कन्सल, थ्री स्पोक फ्ल्याट बटम स्टिरिंग व्हिल, स्वचालित क्लाइमेट कन्ट्रोल , क्रुज कन्ट्रोल जस्ता विशेषताहरु छन् ।

सर्वोत्कृष्ट सुरक्षाको लागि नेक्सनले ग्लोबल एनसीएपीद्वारा पाँचतारे गाडीको मान्यता प्राप्त गरेको छ। यस गाडीले बजारमा अग्रगति लिनुको पछाडी यो एक प्रमुख कारण हो।

नेक्सनको विद्धुतीय संस्करणले पनि बजारमा अग्रस्थानमा रहेको छ। नेक्सन इभी हाल भारतको सबैभन्दा बढी विक्री भइरहेको विद्धुतीय गाडीको हो।

टाटाको यस वर्षको अन्त्यसम्म नेक्सनको अझ परिष्कृत र परिमार्जित स्वरुप बजारमा ल्याउने योजना छ। यो नँया स्वरुप अटो एक्पो २०२३ मा प्रदर्शन गरिएको कर्भ अवधारणामा आधारित छ। १२०० सिसिको टर्बो पेट्रोल इन्जिन भएको यो गाडीको शक्ति १२५ हर्सपावर बराबर हुनेछ।

# टीभीएस एनटर्क १२५ रेस एडिसन अब नयाँ मरिन ब्लु कलरमा उपलब्ध

काठमाडौं । नेपालका लागि टीभीएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले टीभीएस एनटर्क १२५ रेस एडिसनलाई मरिन ब्लु कलरमा सार्वजनिक गरेको छ। पहिले देखि नै रातो र पहेलो कलरमा उपलब्ध भएकोमा अब सो स्कुटर उपलब्ध भएको हो। कम्पनीले भनेको छ, 'स्टिल्थ एयरक्राफ्टको डिजाइनबाट प्रेरित टीभीएस एनटर्क १२५ रेस एडिसनले सिग्नेचर एलईडी टेल र हेडल्याम्पसहितको तीखो, आक्रामक शैलीलाई मूर्त रूप दिन्छ। स्कुटरमा रहेको अद्वितीय 'रेस एडिसन' प्रतीकले टीभीएस रेसिङ पेडिग्रीलाई थप जोड दिन्छ। स्पोर्टी स्टब मफलर, टेक्सचर्ड फ्लोरबोर्ड र डायमण्ड कट अलोय ह्वीलले स्कुटरको स्टाइललाई अझ बढाउँछ।'


स्मार्ट एक्सकनेक्ट कनेक्टिभिटी प्ल्याटफर्म मार्फत संचालित सो स्कुटरलाई टीभीएस कनेक्ट मोबाइल एप मार्फत सजिलै कनेक्ट गर्न सकिन्छ। ६० भन्दा बढी सुविधाहरूका साथ उपलब्ध पूर्ण रूपमा डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर प्रदान गर्दछ। टीभीएस एनटर्क १२५ रेस एडिसन १२४.८ सीसी, सिंगल-सिलिन्डर, ४-स्ट्रोक, ३-भल्व, एयर-कुल्ड एसओएचसी, फ्युल इन्जेक्टेड इन्जिनले सञ्चालित छ, जसले ९.३८ पीएस पावर र १०.५ एनएम टर्क जेनेरेट गर्छ। सो रेस एडिसनले ९५ किलोमिटर प्रतिघण्टाको टप स्पिड प्रदान गर्छ र केवल ९ सेकेन्डमा ०-६० किमी प्रतिघण्टाको गति बढाउँछ। पास बाइ स्वीच, ड्युअल साइड स्टेयरिङ लक, पार्किङ ब्रेक र इन्जिन किल स्विच जस्ता मुख्य विशेषताहरूले स्कुटरको सुविधा अझ बढाउँछ। यसका अतिरिक्त, टीभीएस एनटर्क १२५ रेस एडिसनमा बाह्य इन्धन भर्ने सुविधा, यूएसबी चार्जर, ठूलो २० लिटर अन्डरसेट स्टोरेज र टीभीएस प्याटेन्टेड ईजी सेन्टर स्ट्यान्ड रहेको छ।

# नेपालकै सबैभन्दा द्रुत गतिको अल्टिमेट स्कुटर यामाहा एरोक्स १५५

काठमाडौं । यामाहा मोटरसाइकल र स्कुटरको नेपालका लागि आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेजले बहुप्रतीक्षित यामाहा एरोक्स १५५ अल्टिमेट स्कुटर बाइकिङ हिजो देखि बिक्री वितरण सुरुवात गरेको छ। विशिष्ट र स्लीक एरोडायनामिक स्पोर्टी डिजाइनको साथ एरोक्स १५५ मा गति र शक्तिको सम्मिश्रण रहेको छ। प्रदर्शन, शैली र सवारी अनुभवका लागि यसले नयाँ मानक सिर्जना गर्नेछ। यामाहा एरोक्स १५५ मा लिक्विडकुल्ड इन्जिन रहेको छ, जसले यसलाई १२० किमी प्रतिघन्टाको उच्च गति भएको नेपालको सबैभन्दा छिटो स्कुटर बनाउँछ। यसको १५५ सीसीको 'आर' डीएनएन इन्जिनले १५ पीएस पावर दिन्छ, जसले राइडरहरूलाई गति र शक्तिको उचित सन्तुलन अनुभूति प्रदान गर्दछ। अगाडिको एलईडी हेडलाइटहरूले रात्रि समयमा पनि उत्कृष्ट भिजिबिलिटि प्रदान गर्दछ भने पछाडिको टेल लाइटमा बाह्र कम्प्याक्ट



एलईडीहरू छन् जसले बाइकको सौन्दर्यमा आधुनिकताको स्पर्श थप्दै थ्रीडीको आवरण दिन्छ। एरोक्स १५५ को ५.८ इन्च एलसीडी इन्स्ट्रयुमेन्ट स्क्रिनले स्पीडोमिटर, आरपीएम, र भीभीए सूचकहरू प्रदर्शन गर्दछ जसले सवारहरूलाई सडकमा हुँदा महत्वपूर्ण जानकारी ट्र्याक गर्न सजिलो बनाउँछ। स्कुटरमा यामाहा वाई कनेक्ट जडित छ जुन सवारको स्मार्टफोनमा सम्बन्धित एप मार्फत जडान गर्न सकिन्छ। यसले सवारहरूलाई मर्मतको समय, खराबीका सूचनाहरू, माइलेज, ब्याट्रीको स्तर र पार्किङ स्थानजस्ता कुराहरू ट्र्याक गर्न सहज बनाउँछ। स्पोर्टी डिजाइनको बावजुद यामाहा एरोक्स १५५ एकदमै फराकिलो छ र सिटमुनि २४.५ लिटरको स्टोरेज पनि उपलब्ध छ। यसले धेरै उन्नत प्रविधिहरू पनि प्रदान गर्दछ। जस्तै भेरिएबल भल्व एक्चुएनस अर्थात भीभीए, इन्धन खपतमा सहयोग गर्ने खालको निष्क्रिय स्टप स्टार्ट गर्ने विधि, र परिष्कृत सुरक्षाको लागि एबीएससँग फ्रन्ट डिस्क ब्रेक। एरोक्स १५५ को गुणस्तरीय सामग्रीहरूले स्थायित्व र निर्भरता सुनिश्चित गर्दछ, जसले भरपर्दो र दीर्घकालीन स्वामित्व प्रदान गर्दछ। यामाहा एरोक्स १५५ रेसिङ ब्लु, ग्रे वर्मिलियन र मेटालिक ब्ल्याक गरी तीन फरक मूल्यमा उपलब्ध छ। सो स्कुटरको मूल्य ४ लाख ७४ हजार ९ सय रुपैयाँ रहेको छ।




यौन हिंसाबाट बचौं र बचाऔं
- यौनजन्य हिंसा सामाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस